# वर्तमान राजनीति र हाम्रो रणनीतिक दिशा

(Current politics and Our Strategic Direction)

आदरणीय सह-अध्यक्षज्यू, वरिष्ठ नेताज्यू,
केन्द्रीय समितिका सम्पूर्ण सदस्यज्यूहरू,

नेपालको विभिन्न लोकतान्त्रिक, सामाजिक तथा जनअधिकारका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँहरूको त्याग, साहस र बलिदानले न्याय, समानता, लोकतान्त्रिक गणतन्त्र तथा समृद्धिको बाटोमा हामीलाई सदैव प्रेरणा दिइरहनेछ । शहीदहरूको साहस, त्याग र बलिदान सदैव हाम्रो स्मृतिमा जीवित रहनेछ । उहाँहरूले देखाउनुभएको मार्गमा अघि बढ्दै देशलाई समानता, स्वतन्त्रता, समृद्धि, सामाजिक न्याय र न्यायपूर्ण समाजतर्फ अगाडि बढाउनु नै उहाँहरूप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । साथै, परिवर्तनको सङ्घर्षमा योगदान पुऱ्याउने घाइते, अपाङ्गता भएका व्यक्ति, बेपत्ता पारिएका व्यक्तिहरू तथा उहाँहरूका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

**प्रारम्भः**

मिथिला प्राचीन विदेह राज्यसँग सम्बन्धित ऐतिहासिक क्षेत्र हो । प्राचीन कालदेखि नै मिथिला ज्ञान, संस्कृति तथा वैदिक परम्पराका लागि प्रसिद्ध रहँदै आएको छ । त्यसैगरी, लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थलका रूपमा नेपालको प्राचीन धार्मिक तथा सांस्कृतिक इतिहाससँग गहिरो रूपमा जोडिएको महत्वपूर्ण स्थल हो । नेपालको प्राचीन इतिहासमा गोपाल वंश, महिषपाल वंश, किरात वंश तथा लिच्छवि वंशको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । गोपाल वंशलाई नेपालको प्राचीनतम् शासक वंशमध्ये एक मानिन्छ । पशुपालन तथा कृषि कार्यमा आधारित समुदायले काठमाडौं उपत्यकामा प्रारम्भिक शासन व्यवस्था स्थापना गरेको ऐतिहासिक उल्लेख पाइन्छ । गोपाल वंशपछि महिषपाल तथा त्यसपछि किरात वंशले शासन गरेको इतिहास छ । किराँत राजाहरूले लामो समयसम्म शासन गरे । त्यसपछि लिच्छवि वंशको उदय भयो । लिच्छवि कालमा प्रशासन, कला, वास्तुकला, शिक्षा, व्यापार तथा धर्म-संस्कृतिको उल्लेखनीय विकास भयो । यस कालले नेपालको संस्कृति, सभ्यता तथा राज्य व्यवस्थाको बलियो आधार निर्माण गरेको मानिन्छ ।

त्यसपछि नेपालमा ठकुरी तथा अन्य शासक वंशहरूको प्रभाव रह्यो। काठमाडौं उपत्यका क्रमशः राजनीतिक, धार्मिक तथा सांस्कृतिक केन्द्रका रूपमा विकसित हुँदै गयो । १२औं शताब्दीको अन्त्यदेखि १३औं शताब्दीतिर मल्लकालको उदय भएको मानिन्छ । वि.सं. १२५८ तिर अरिदेव/अरिमल्लबाट मल्ल शासनको सुरूआत भएको उल्लेख पाइन्छ । यक्ष मल्लको मृत्युपछि काठमाडौं, पाटन र भक्तपुर तीनवटा छुट्टाछुट्टै राज्यमा विभाजित भए । मल्लकालमा कला, वास्तुकला, मन्दिर निर्माण, भाषा, साहित्य तथा व्यापारको उल्लेखनीय विकास भयो । मल्ल राज्यहरूको आपसी विभाजन र

कमजोरीको फाइदा उठाउँदै गोरखाका राजा पृथ्वीनारायण शाहले सन् १७६९ मा काठमाडौं उपत्यका विजय गरेपछि मल्ल शासनको अन्त्य भयो र आधुनिक नेपालको एकीकरण प्रक्रियाले नयाँ चरण प्रवेश गऱ्यो ।

## १. संक्षिप्त ऐतिहासिक पृष्ठभूमि :

नेपालको राजनीतिक इतिहासलाई हेर्दा निरङ्कुश राजतन्त्र, राणा शासन, संवैधानिक राजतन्त्र, निर्दलीय पञ्चायती व्यवस्था, बहुदलीय प्रजातन्त्र हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको यात्रा देखिन्छ। यो यात्रा विभिन्न राजनीतिक सङ्घर्ष, जनआन्दोलन, विद्रोह तथा ऐतिहासिक परिवर्तनहरूले निर्माण गरेको हो । नेपालको राजनीतिक इतिहास मूलतः निरङ्कुश राजतन्त्रदेखि गणतन्त्रसम्मको रूपान्तरणको इतिहास हो ।

**१.१ शाहवंशीय राजतन्त्र र सामन्ती संरचना :** पृथ्वीनारायण शाहले गोरखा राज्यको विस्तार गर्दै विभिन्न स-साना राज्यहरूलाई एकीकरण गर्ने अभियान अघि बढाए । सन् १७६८-६९ तिर काठमाडौं उपत्यका विजय गरेपछि आधुनिक नेपालको राजनीतिक संरचना निर्माण र केन्द्रीकरणको प्रक्रिया तीव्र भयो । त्यसपछि शाहवंशीय राजतन्त्र नेपालको प्रमुख राजनीतिक शक्तिको रूपमा स्थापित भयो। शाहवंशीय राजतन्त्रलाई नेपालको सामन्ती राजनीतिक संरचनाको सर्वोच्च संस्थाका रूपमा हेर्न सकिन्छ। यस व्यवस्थाले वर्गीय, जातीय तथा लैङ्गिक विभेद र उत्पीडनलाई संरचनागत रूपमा निरन्तरता दिएको थियो । राज्यसत्तामा हिन्दू धार्मिक-सामाजिक संरचनाको प्रभाव बलियो रह्यो र वर्ण तथा जातीय विभाजनले सामाजिक असमानतालाई संस्थागत गर्न भूमिका खेल्यो । किसान, श्रमजीवी, महिला, दलित तथा अन्य उत्पीडित समुदाय राज्यका स्रोत, अवसर र अधिकारबाट तुलनात्मक रूपमा वञ्चित रहे ।

**१.२ राणा शासन :** सन् १८४६ को कोतपर्वपछि जङ्गबहादुर राणाले सत्ता आफ्नो हातमा लिएसँगै राणा शासनको उदय भयो । राजा औपचारिक रूपमा राज्यको प्रमुख रहे पनि वास्तविक राजनीतिक, प्रशासनिक, आर्थिक तथा सैन्य शक्ति राणा परिवारमा केन्द्रित भयो। करिब १०४ वर्षसम्म चलेको राणा शासन वंशाणुगत तथा निरङ्कुश कुलीनतन्त्रमा आधारित थियो । राणा शासनको आर्थिक तथा सामाजिक आधार सामन्ती भू-स्वामित्व र किसानमाथिको शोषणमा आधारित थियो । यस व्यवस्थाले सीमित कुलीन वर्गको हितलाई प्राथमिकता दिँदै आम जनताको राजनीतिक अधिकार र सामाजिक अवसरलाई सीमित गर्‍यो । शिक्षा, प्रशासन र राज्यसत्तामा सर्वसाधारणको पहुँच न्यून थियो । परिणामस्वरूप देशको राजनीतिक तथा सामाजिक विकास लामो समयसम्म अवरूद्ध रह्यो । नेपाली कांग्रेसको नेतृत्वमा भएको आन्दोलन, जनदबाब, राजा त्रिभुवनको भूमिका तथा बाह्य राजनीतिक परिस्थितिको प्रभावका कारण सन् १९५१ मा राणा शासनको अन्त्य भयो । यससँगै नेपालमा प्रजातान्त्रिक राजनीतिक अभ्यासको प्रारम्भ भयो र संवैधानिक राजनीतिक व्यवस्थातर्फ संक्रमण सुरू भयो ।

**१.३ बहुदलीय प्रजातन्त्रको प्रारम्भ र पञ्चायती व्यवस्था :** सन् १९५१ देखि १९५९ सम्मको अवधि राजनीतिक अस्थिरता, संक्रमण र दिशाहीनताले प्रभावित रह्यो । अन्ततः सन् १९५९ मा नेपालको इतिहासमा पहिलो आम निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा नेपाली कांग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरी बी.पी. कोइरालाको नेतृत्वमा सरकार गठन गर्‍यो । तर यो संसदीय व्यवस्था लामो समय टिक्न सकेन । सन् १९६० मा राजा महेन्द्रले निर्वाचित संसद् विघटन गरी राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाए । त्यसपछि सन् १९६२ को संविधानमार्फत निर्दलीय पञ्चायती व्यवस्था लागू गरियो । पञ्चायती व्यवस्थामा राजनीतिक, प्रशासनिक, आर्थिक, न्यायिक तथा सैन्य शक्तिको

ठूलो हिस्सा राजसंस्थामा केन्द्रित भयो । राजनीतिक दलहरूको गतिविधिमाथि प्रतिबन्ध लगाइयो र नागरिक तथा राजनीतिक स्वतन्त्रता सीमित गरियो । यस व्यवस्थाले निरङ्कुश राजतन्त्रलाई नयाँ संस्थागत स्वरूपमा निरन्तरता दिँदै नेपालको अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक संरचनालाई कायम राखेको हाम्रो राजनीतिक विश्लेषण हो ।

**१.४ सन् १९९० को जनआन्दोलन र बहुदलीय व्यवस्था :** नेपाली कांग्रेस तथा संयुक्त वाममोर्चाको नेतृत्वमा भएको जनआन्दोलनको परिणामस्वरूप सन् १९९० मा बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भयो । राजा वीरेन्द्र संवैधानिक राष्ट्रप्रमुखका रूपमा रहे र सन् १९९० को संविधानले संवैधानिक राजतन्त्र तथा बहुदलीय संसदीय लोकतन्त्रलाई संस्थागत गर्‍यो । तर बहुदलीय व्यवस्था पुनर्स्थापित भए पनि नेपालको सामाजिक-आर्थिक संरचनामा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक असमानता अन्त्य हुन सकेन । राज्यसत्तामा परम्परागत शक्ति संरचना तथा सीमित वर्गको प्रभाव कायम रह्यो ।

**१.५ माओवादी जनयुद्ध र गणतन्त्रतर्फको यात्रा :** सन् १९९६ मा नेकपा (माओवादी) ले सशस्त्र जनयुद्ध सुरू गर्‍यो । यसको घोषित उद्देश्य निरङ्कुश राजतन्त्र तथा सामन्ती संरचनाको अन्त्य गर्दै जनवादी गणतन्त्र स्थापना गर्नु थियो । माओवादी आन्दोलनले संसदीय व्यवस्थालाई अस्वीकार गर्दै सशस्त्र सङ्घर्षलाई राजनीतिक परिवर्तनको प्रमुख माध्यमका रूपमा अघि बढायो । जनयुद्धका क्रममा वर्गीय शोषणको अन्त्य, भूमिहीन तथा गरिब किसानका सवाल, जातीय विभेदको अन्त्य, महिला, दलित, आदिवासी जनजाति तथा अन्य उत्पीडित समुदायका अधिकारजस्ता विषयहरू राजनीतिक बहसको केन्द्रमा आए ।

यसैबीच, सन् २००१ जुन १ मा नारायणहिटी राजदरबारमा राजा वीरेन्द्र तथा उनको परिवारका अधिकांश सदस्यको हत्या भयो । उक्त घटनालाई लिएर विभिन्न प्रश्न, आशङ्का र विवादहरू उठ्दै आएका छन् । घटनाको सम्पूर्ण सत्यतथ्यबारे सार्वजनिक बहस र प्रश्नहरू अझै कायम छन् । राजा ज्ञानेन्द्रले सन् २००५ मा प्रत्यक्ष शासन आफ्नो हातमा लिएपछि राजनीतिक सङ्घर्ष थप तीव्र भयो । एकातर्फ राजाको प्रत्यक्ष शासनविरूद्ध लोकतान्त्रिक शक्तिहरूको आन्दोलन र अर्कोतर्फ माओवादी सशस्त्र विद्रोहले मुलुकलाई गम्भीर राजनीतिक द्वन्द्व र सङ्कटतर्फ धकेल्यो ।

**१.६ गणतन्त्रको स्थापना :** राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरूद्ध भएको जनआन्दोलन, राजनीतिक दलहरूको आन्दोलन तथा माओवादी विद्रोहको राजनीतिक समाधान खोज्ने क्रममा नेपाल शान्ति प्रक्रियातर्फ अघि बढ्यो । त्यसपछि सम्पन्न पहिलो संविधानसभाले सन् २००८ मे २८ मा राजतन्त्रको औपचारिक अन्त्य गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्‍यो । यससँगै नेपाल औपचारिक रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गर्‍यो । लामो राजनीतिक सङ्घर्षपछि स्थापित गणतन्त्रले सार्वभौमसत्ता जनतामा निहित हुने, राजनीतिक प्रतिनिधित्व विस्तार गर्ने तथा राज्य संरचनामा विभिन्न समुदायको सहभागिता बढाउने आधार निर्माण गर्‍यो ।

नेपालको इतिहास विभिन्न वर्ग, जात/जातीय समूह तथा श्रमजीवी वर्गको सङ्घर्षको इतिहास पनि हो । यो बहुवर्गीय तथा बहुजातीय समाजको संयुक्त सङ्घर्षको इतिहास हो । शासक वर्ग तथा सामन्ती राज्य व्यवस्थादेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको राजनीतिक परिवर्तनमा विभिन्न वर्ग, समुदाय तथा जनसमुदायका सङ्घर्षले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपालको सङ्घर्षको इतिहासलाई मुख्यतः दुईवटा धाराबाट बुझ्न सकिन्छ-वर्गसङ्घर्ष तथा राष्ट्रियता/पहिचानको सङ्घर्ष ।

किसान, मजदुर, सुकुम्बासी तथा शोषित जनसमुदायले भूमि, रोजगारी, समानता तथा शोषणविरूद्ध सङ्घर्ष गर्दै आएका छन् । त्यसैगरी, राष्ट्रियता, पहिचान, अधिकार तथा राज्यका स्रोत-साधनमाथि समान पहुँचका लागि मधेशी, आदिवासी जनजाति, दलित तथा विभिन्न क्षेत्रीय समुदायहरूले भाषा,

संस्कृति, स्वशासन, समावेशी प्रतिनिधित्व तथा अधिकारका लागि आन्दोलन गरेका छन् । यसर्थ, नेपालको सङ्घर्षको इतिहास शोषित वर्गको आर्थिक सङ्घर्ष र वञ्चित राष्ट्रियता/जातीय समुदायको पहिचान तथा अधिकारको सङ्घर्षसँग अभिन्न रूपमा जोडिएको छ । नेपालमा निरंकुशताविरूद्ध लोकतन्त्रको सङ्घर्ष, सामन्ती सम्बन्धविरूद्ध आर्थिक न्यायको सङ्घर्ष, शोषणविरूद्ध किसान तथा श्रमजीवी वर्गको सङ्घर्ष, जातीय विभेदविरूद्ध दलित मुक्ति सङ्घर्ष, पितृसत्ताविरूद्ध महिला मुक्ति सङ्घर्ष, केन्द्रीकरणविरूद्ध सङ्घीयता तथा विकेन्द्रीकरणको सङ्घर्ष, सीमान्तीकरण तथा बहिष्करणविरूद्ध मधेशी, आदिवासी जनजाति, थारू, मुस्लिम तथा अन्य समुदायको समावेशी सङ्घर्ष र एकल जातीय सांस्कृतिक वर्चस्वविरूद्ध बहुलवादी पहिचानको सङ्घर्ष हुँदै आएको छ ।

यसरी नेपाली सङ्घर्षलाई हेर्दा यसको दिशा “बहुल पहिचान, समान अधिकार, सामाजिक न्याय, आर्थिक समृद्धि, लोकतान्त्रिक राज्य र समाजवादी दिशा” तर्फ केन्द्रित हुनुपर्छ । राजनीतिक सङ्घर्ष केवल परम्परागत नारामा सीमित हुनुहुँदैन; त्यसलाई जनताको दैनिक जीवन, आर्थिक अवस्था, सामाजिक सम्बन्ध, अधिकार तथा अवसरसँग जोड्न आवश्यक छ । शासक वर्गले लेखेको इतिहासले आम जनताको सङ्घर्ष र योगदानलाई प्रायः ओझेलमा पार्ने गरेको छ । तथापि, माथि उल्लेख गरिएका सङ्घर्षहरूले नै आजको नेपालको सामाजिक तथा राजनीतिक स्वरूप निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेका छन् ।

**१.७ गणतन्त्रपछि पनि कायम रहेका संरचनागत चुनौती :** राजतन्त्रको अन्त्य हुनु आफैंमा महत्वपूर्ण ऐतिहासिक राजनीतिक उपलब्धि भए पनि त्यसले मात्र नेपालको सम्पूर्ण सामाजिक-आर्थिक तथा संरचनागत समस्या समाधान गर्न सकेन । वर्गीय असमानता, जातीय विभेद, लैङ्गिक असमानता, क्षेत्रीय असन्तुलन, भूमिसम्बन्धी समस्या, बेरोजगारी, गरिबी तथा राज्यस्रोतमा असमान पहुँचजस्ता समस्या अझै विद्यमान छन् ।

हाम्रो राजनीतिक विश्लेषणमा राजतन्त्रको अन्त्यपछि पनि राज्यसत्तामा पुरानो प्रशासनिक संरचना, सामन्ती अवशेष तथा सीमित आर्थिक-राजनीतिक शक्तिको प्रभाव पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । अहिले पनि नेपालमा शाहकाल, राणाकाल र पंचायतकाल झै संरचनात्मक विभेद (Structural Discrimination) कायम नै रहेका छन् । त्यसैले राजनीतिक व्यवस्थाको औपचारिक परिवर्तनसँगै राज्यको सामाजिक-आर्थिक चरित्रमा पनि परिवर्तन आवश्यक छ । *गणतन्त्रलाई केवल शासन प्रणालीको परिवर्तनमा सीमित नराखी सामाजिक न्याय, समानता, स्वतन्त्रता, समावेशिता, राष्ट्रिय स्वाधीनता तथा जनताको वास्तविक अधिकारसँग जोड्नुपर्ने आवश्यकता आजको प्रमुख राजनीतिक चुनौती हो ।* यस ऐतिहासिक पृष्ठभूमिले वर्तमान राजनीतिक अवस्थालाई बुझ्न र आगामी राजनीतिक रणनीतिक दिशा निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ ।

## २. ऐतिहासिक मधेश जनविद्रोह : पृष्ठभूमि, माग, उपलब्धि र सीमाहरू

**२.१ पृष्ठभूमि :** नेपालको राजनीतिक इतिहासमा मधेश आन्दोलन राज्यको केन्द्रीकृत, विभेदकारी तथा बहिष्करणमुखी संरचनाविरूद्ध भएको महत्वपूर्ण राजनीतिक आन्दोलनका रूपमा स्थापित छ । दशकौंदेखि कायम रहेको राज्यगत विभेद र बहिष्करण, संविधान तथा कानूनमा मधेशी पहिचान र अधिकारको उपेक्षा, निर्वाचन क्षेत्रको असमान संरचना, नागरिकता समस्या, भाषा-संस्कृति तथा राजनीतिक प्रतिनिधित्वमा असमान व्यवहारलगायतका विषयले मधेशी समुदायमा समान अधिकार, गरिमा, पहिचान र प्रतिनिधित्वको मागलाई आन्दोलनका रूपमा विकसित गरायो । राज्यले लामो

समयसम्म मधेशी समुदायलाई दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेको अनुभूति रह्यो । यसबाट राजनीतिक, सामाजिक तथा सांस्कृतिक पहिचानको संकटसँगै राज्यसँगको सम्बन्धमा असमानताको भावना गहिरिँदै गयो ।

वि.सं. २०६३ माघ १ गते (१५ जनवरी, २००७) जारी भएको अन्तरिम संविधानमा सङ्घीयता, समानुपातिक प्रतिनिधित्व, पहिचान, राज्यसत्तामा समान सहभागिता तथा समान जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारणजस्ता मधेशी समुदायका प्रमुख मागहरू पर्याप्त रूपमा सम्बोधन नभएपछि मधेशमा व्यापक असन्तुष्टि उत्पन्न भयो । वि.सं. २०६३ माघ २ गते **मधेशी जनअधिकार फोरम, नेपाल**ले अन्तरिम संविधानको प्रति जलाएर विरोध प्रदर्शन सुरू गरेपछि आन्दोलनले व्यापक जनविद्रोहको स्वरूप ग्रहण गर्‍यो । वि.सं. २०६३-२०६४ तथा त्यसपछिका मधेश आन्दोलनहरूले नेपालको राज्य संरचना, प्रतिनिधित्व, सङ्घीयता, समावेशिता र पहिचानसम्बन्धी बहसलाई निर्णायक रूपमा प्रभावित गरे । मधेश आन्दोलन केवल क्षेत्रीय अथवा मधेशी अधिकारको आन्दोलन मात्र नभई राज्यको पुनर्संरचना, लोकतन्त्रको विस्तार, समान नागरिक अधिकार र सामाजिक न्यायका लागि भएको महत्वपूर्ण राजनीतिक सङ्घर्षका रूपमा विकसित भयो ।

**२.२ मधेश जनविद्रोहका प्रमुख मागहरू :** मधेश आन्दोलनका प्रमुख मागहरू निम्न थिए :

१. सङ्घीय शासन प्रणालीको स्थापना ।
२. लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास ।
३. समानुपातिक तथा समावेशी प्रतिनिधित्वको सुनिश्चित्तता ।
४. समान जनसङ्ख्याको अनुपातमा निर्वाचन क्षेत्र निर्धारण ।
५. मधेशीको राष्ट्रिय पहिचान, भाषा, संस्कृति र सम्मानको संवैधानिक तथा राजनीतिक मान्यता ।
६. राज्यका सबै निकायमा समान पहुँच र समान सहभागिता ।
७. नागरिकता समस्याको स्थायी समाधान ।
८. राज्यको पुनर्संरचना तथा अधिकारको विकेन्द्रीकरण ।
९. सामाजिक-आर्थिक उत्पीडन र विभेदको अन्त्य ।
१०. मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला तथा अन्य सीमान्तकृत समुदायको राज्यसत्तामा समान सहभागिता । समग्रमा, मधेश आन्दोलनको मूल भावना पहिचान, प्रतिनिधित्व, समानता, सङ्घीयता, सामाजिक न्याय र राज्यसत्तामा समान सहभागितासँग सम्बन्धित थियो ।

**२.३ सम्झौता र राजनीतिक उपलब्धि :** मधेश आन्दोलनका क्रममा नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच भएका वार्ता तथा सम्झौताले सङ्घीयता र स्वायत्त प्रदेशको अवधारणालाई राजनीतिक रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेले । उक्त सम्झौताले सङ्घीय शासन प्रणालीको आधार निर्माण गर्‍यो । नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सम्झौतामा नेपाली जनताको स्वायत्त मधेश प्रदेशलगायत विभिन्न क्षेत्रका जनताको स्वायत्त प्रदेशसहितको सङ्घीय संरचनाको आकांक्षालाई स्वीकार गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

वि.सं. २०६४ साल भदौ १३ गते (३० अगस्ट २००७) नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालबीच २२ बुँदे सम्झौता तथा २८ फेब्रुअरी २००८ मा नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच ८ बुँदे सम्झौता सम्पन्न भएको थियो । यी सम्झौताहरू नेपालको राजनीतिक रूपान्तरणका दृष्टिले महत्वपूर्ण आधारस्तम्भका रूपमा रहेका छन् । उक्त सम्झौताहरूमा नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गर्ने प्रतिबद्धता, मधेशी जनताको स्वायत्त मधेश

प्रदेशसम्बन्धी आकाङ्क्षालाई सम्बोधन गर्ने, राज्यका सबै निकायमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने तथा नेपाली सेनामा जनसङ्ख्याको आधारमा मधेशी समुदायको समावेशी तथा समूहगत भर्तीको व्यवस्था गर्ने विषयहरू समेटिएका थिए । यी सम्झौताहरूले लामो समयदेखि राज्यको मूलधारबाट उपेक्षित तथा विभेदमा परेका समुदायहरूको राजनीतिक, सामाजिक र प्रशासनिक सहभागितालाई सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण राजनीतिक प्रतिबद्धता स्थापित गरे । साथै, नेपाललाई एकात्मक तथा केन्द्रीकृत राज्य संरचनाबाट सङ्घीय, लोकतान्त्रिक, समावेशी र समानुपातिक प्रतिनिधित्वमा आधारित राज्य व्यवस्थातर्फ रूपान्तरण गर्ने राजनीतिक आधारलाई औपचारिक रूपमा स्वीकार गरे । यस अर्थमा, २२ बुँदे र ८ बुँदे सम्झौता नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधार निर्माण गर्ने महत्वपूर्ण राजनीतिक दस्तावेज हुन् । यद्यपि, सम्झौतामा व्यक्त गरिएका प्रतिबद्धताहरूको पूर्ण कार्यान्वयन, राज्यका सबै संरचनामा सार्थक समावेशिता, समानुपातिक प्रतिनिधित्व तथा प्रदेशहरूको अधिकार र स्वायत्तताको प्रभावकारी अभ्यास आज पनि निरन्तर राजनीतिक बहस र कार्यान्वयनको विषयका रूपमा रहेका छन् । सन् २००७-२००८ को मधेश आन्दोलनले सङ्घीय लोकतान्त्रिक प्रणाली स्थापनाको राजनीतिक आधार निर्माण गर्न तथा राज्य पुनर्संरचनाको प्रश्नलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउन महत्वपूर्ण योगदान गऱ्यो । पहिलो संविधान सभाबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा हुनु पनि यही व्यापक राजनीतिक परिवर्तनको महत्वपूर्ण पक्ष थियो ।

## २.४. मधेश जनविद्रोह/आन्दोलनका प्रमुख उपलब्धिहरू

१. **सङ्घीयताको स्थापना** : मधेश जनविद्रोहले नेपालमा राज्य पुनर्संरचना र सङ्घीयताको मागलाई निर्णायक रूपमा बलियो बनायो । अन्ततः नेपालको संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा संस्थागत गऱ्यो ।

२. **समानुपातिक प्रतिनिधित्वको मुद्दा स्थापित** : मधेश आन्दोलनले मधेशी मात्र नभई आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला तथा अन्य पछाडि पारिएका समुदायको राज्यसत्तामा समान सहभागिताको प्रश्नलाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो ।

३. **समानुपातिक तथा समावेशी प्रतिनिधित्व** : सङ्घीय संसद्, प्रदेश सभा तथा स्थानीय तहका विभिन्न संरचनामा समानुपातिक तथा समावेशी प्रतिनिधित्वको संवैधानिक व्यवस्था निर्माण गर्न आन्दोलनले महत्वपूर्ण दबाब सिर्जना गऱ्यो ।

४. **मधेशी पहिचान र अधिकारको राजनीतिक मान्यता** : मधेशी समुदायको भाषा, संस्कृति, पहिचान, नागरिकता, राजनीतिक प्रतिनिधित्व र समान अवसरका प्रश्नलाई राष्ट्रिय राजनीतिक एजेण्डाका रूपमा स्थापित गऱ्यो । 'मधेश' र 'मधेशी' पहिचानको राजनीतिक तथा संवैधानिक मान्यताले यस समुदायको अस्तित्व र अधिकारको प्रश्नलाई औपचारिक राजनीतिक बहसमा स्थापित गऱ्यो ।

५. **केन्द्रीकृत राज्य संरचनामा परिवर्तनको आधार** : काठमाडौं केन्द्रित शासन र एकात्मक राजनीतिक प्रणालीको विकल्पका रूपमा प्रदेश तथा स्थानीय तहमा अधिकार, स्रोत र जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने आवश्यकता बलियो रूपमा स्थापित भयो ।

६. **मधेश प्रदेशको स्थापना** : संविधानपछि मधेशमा प्रदेश सरकार र प्रदेश सभा गठन भए । यसले मधेशलाई आफ्नै प्रादेशिक राजनीतिक संस्थाहरू प्राप्त गर्ने आधार निर्माण गऱ्यो । राष्ट्रिय पहिचान र राजनीतिक सङ्घर्षको पृष्ठभूमिमा मधेश प्रदेशको स्थापना मधेश आन्दोलनको महत्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

७. **मधेश केन्द्रित राजनीतिक शक्तिको उदय :** ऐतिहासिक मधेश आन्दोलनले मधेश केन्द्रित राजनीतिक दलहरूको उदय र विस्तारमा महत्वपूर्ण भूमिका खेल्यो । यसले परम्परागत राष्ट्रिय राजनीतिक दलहरूलाई समेत मधेश, पहिचान, सङ्घीयता र समानुपातिक समावेशिताका प्रश्नमा आफ्नो नीति पुनर्विचार गर्न बाध्य बनायो ।

८. **नागरिकताको प्रश्नमा प्रगति :** नेपालमा पुस्तौँदेखि बसोबास गरिरहेका नागरिक तथा तिनका सन्तान नागरिकताको अधिकारबाट वञ्चित भएको समस्या लामो समयदेखि रहेको थियो । आन्दोलन र त्यसपछिको राजनीतिक प्रक्रियाले नागरिकताको प्रश्नलाई राष्ट्रिय एजेण्डामा स्थापित गऱ्यो र विभिन्न चरणमा नागरिकता प्रमाणपत्र वितरण तथा जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता प्रदान गर्ने कानूनी तथा प्रशासनिक व्यवस्था अघि बढ्यो ।

९. **राज्यका सुरक्षा तथा प्रशासनिक निकायमा समावेशिता :** नेपाली सेना, नेपाल प्रहरी, निजामती सेवा लगायतका राज्य संयन्त्रमा मधेशी, दलित, महिला, आदिवासी जनजाति तथा अन्य समुदायको सहभागिता बढाउन आरक्षण तथा समावेशी व्यवस्थाको विकास भयो । यसले राज्यका निकायमा समान र न्यायपूर्ण सहभागिताको प्रश्नलाई संस्थागत गर्न योगदान गऱ्यो । राष्ट्रपति तथा उपराष्ट्रपति पदमा मधेशी समुदायको प्रतिनिधित्व सम्भव हुनु पनि समावेशी राजनीतिक संरचनाको महत्वपूर्ण प्रतीकात्मक उपलब्धि हो ।

१०. **राजनीतिक चेतनाको विस्तारः** मधेश आन्दोलनले मधेशमा मात्र नभई देशभरि पहिचान, प्रतिनिधित्व, समानता, सामाजिक न्याय, सङ्घीयता र समावेशितासम्बन्धी राजनीतिक चेतना विस्तार गर्न योगदान गऱ्यो । सङ्घीयताको विपक्षमा रहेका राजनीतिक पार्टीहरूसमेतले सङ्घीय संरचनामा पार्टीलाई रूपान्तरण गर्न बाध्य भए ।

११. **समावेशी राजनीतिक सहभागिताको विस्तार :** निर्वाचन प्रणालीमा समावेशिताको प्रश्न बलियो भयो । विशेषगरी तराई-मधेशमा जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण तथा प्रतिनिधित्व विस्तारको माग संस्थागत भयो । सन् २००८ को संविधान सभा निर्वाचनमा मधेश केन्द्रित दलहरूको उल्लेखनीय उपस्थिति देखिनुले पनि मधेशी राजनीतिक शक्तिको प्रभावलाई स्थापित गऱ्यो ।

१२. **मधेशी आत्मसम्मान र राजनीतिक आत्मविश्वासको वृद्धि :** मधेश आन्दोलनपछि मधेशी समुदायले आफ्ना राजनीतिक, सामाजिक तथा सांस्कृतिक मुद्दाहरू राष्ट्रिय राजनीतिको केन्द्रमा अझ स्पष्ट रूपमा उठाउने राजनीतिक आत्मविश्वास प्राप्त गऱ्यो । आन्दोलनले मधेशी समुदायमाथि रहेको अपमान, बहिष्करण र असमान व्यवहारको प्रश्नलाई राष्ट्रिय बहसमा ल्याउँदै राज्य-समाज सम्बन्धलाई पुनःपरिभाषित गर्ने प्रयास गऱ्यो । यस अर्थमा **मधेश आन्दोलन नेपालको लोकतन्त्रलाई अझ समावेशी बनाउने ऐतिहासिक राजनीतिक आन्दोलनका रूपमा स्थापित भएको छ ।**

## २.५ मधेश आन्दोलनका अपुरा कार्य, कमजोरी र चुनौतीहरू

मधेश जनविद्रोह/आन्दोलनले महत्वपूर्ण राजनीतिक उपलब्धिहरू हासिल गरे पनि यसका सबै उद्देश्य पूर्ण रूपमा प्राप्त भएका छैनन् । मधेशभित्रै वर्ग, जाति, लिङ्ग र क्षेत्रका आधारमा रहेका असमानता कायम छन् । त्यसैले मधेश आन्दोलनलाई पूर्ण सफलता भन्दा पनि लोकतान्त्रिक गणतन्त्र, समावेशिता, पहिचान, सङ्घीयता र राज्य पुनर्संरचनाको महत्वपूर्ण सुरूवातका रूपमा बुझ्नु उपयुक्त हुन्छ ।

**२.६ आन्दोलनको एकता कमजोर हुनु :** विभिन्न मधेश केन्द्रित दल, समूह र नेतृत्वबीच दीर्घकालीन राजनीतिक एकता कायम हुन सकेन । नेतृत्व, रणनीति र राजनीतिक प्राथमिकतामा देखिएका

मतभेदले आन्दोलनको सामूहिक शक्ति कमजोर बनायो । नेतृत्व वर्गको व्यक्तिगत महत्वाकांक्षा, कुण्ठा र सत्तालिप्साको कारण पार्टी विभाजन तथा अस्वस्थ प्रतिस्पर्धाले आन्दोलनका उपलब्धिलाई दीर्घकालीन रूपमा संस्थागत गर्न कठिन बनायो ।

२.७ **राजनीतिक उपलब्धि संस्थागत गर्न कठिनाई :** आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई दीर्घकालीन नीति, कानून, संस्था र प्रभावकारी प्रशासनमा रूपान्तरण गर्न अपेक्षित सफलता प्राप्त हुन सकेन । आन्दोलनपछि मधेश केन्द्रित राजनीतिक शक्तिहरू सरकारमा सहभागी भए पनि प्रशासन, सुरक्षा निकाय, न्यायपालिका, शिक्षा, अर्थतन्त्र तथा सार्वजनिक सेवामा समान प्रतिनिधित्व सुनिश्चित गर्ने दीर्घकालीन संस्थागत सुधार पर्याप्त रूपमा अघि बढ्न सकेन ।

२.८ **सीमान्तकृत समूहको पर्याप्त सहभागिता हुन नसक्नु :** आन्दोलनको नेतृत्व र राजनीतिक संरचनामा मध्यमवर्गीय तथा प्रभावशाली सामाजिक समूहको प्रभाव तुलनात्मक रूपमा बढी रह्यो । मधेशभित्र रहेका दलित, मुस्लिम, थारू, पिछडावर्ग, महिला तथा अन्य सीमान्तकृत समुदायका वर्गीय, जातीय र लैङ्गिक मुद्दाहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको आलोचना रहँदै आएको छ । मधेश आन्दोलनलाई अझ व्यापक र सामाजिक न्यायमुखी बनाउन मधेशभित्रैका सबै उत्पीडित तथा सीमान्तकृत समुदायको समान सहभागिता सुनिश्चित गर्न आवश्यक छ ।

२.९ **राजनीतिक दलहरूको निरन्तर विभाजन :** पटकपटक पार्टी विभाजन, एकीकरण र पुनःविभाजन हुँदा राजनीतिक सङ्गठनको स्थायित्व, जनविश्वास र आन्दोलनको सामूहिक शक्ति प्रभावित भयो । यसले मधेशका राजनीतिक मुद्दालाई दीर्घकालीन राष्ट्रिय राजनीतिक शक्तिमा रूपान्तरण गर्न चुनौती सिर्जना गर्‍यो ।

२.१० **राजनीतिक अविश्वास र सहकार्यको अभाव :** आन्दोलनपछि विभिन्न मधेश केन्द्रीत राजनीतिक दलका नेताहरू सरकारमा सहभागी भए पनि कतिपय अवस्थामा आन्दोलनका मूल एजेण्डाभन्दा सत्ता साझेदारी प्राथमिक बनेको देखियो । २२ बुँदे तथा ८ बुँदे सम्झौताका विषय र संविधान निर्माण प्रक्रियामा मधेशका मागहरू पर्याप्त रूपमा सम्बोधन नभएपछि राजनीतिक अविश्वास थप गहिरियो ।

२.११ **सत्ता केन्द्रित राजनीति र सुशासनको प्रश्न :** केवल सरकारमा सहभागी हुने, सीमित मन्त्रालय प्राप्त गर्ने वा तत्कालीन सत्ता समीकरणमा आफ्नो स्थान सुरक्षित गर्ने प्रवृत्तिले आन्दोलनको वैचारिक तथा राजनीतिक चरित्र कमजोर पार्ने जोखिम देखियो । विचार, सिद्धान्त र राजनीतिक मुद्दासँग असङ्गत दलहरूसँग केवल सत्ताका लागि अल्पकालीन तथा अप्राकृतिक गठबन्धन गर्ने प्रवृत्तिले जनतामा असन्तुष्टि र अविश्वास बढाएको छ । भ्रष्टाचार, आर्थिक अनियमितता, विकास आयोजनामा कमिसन तथा सत्ता केन्द्रित राजनीतिक व्यवहारसम्बन्धी आरोपहरूले पनि राजनीतिक दलहरूको विश्वसनीयतामा प्रश्न उठाएका छन् । त्यसैले आगामी दिनमा **सत्तालाई राजनीतिको अन्तिम लक्ष्य बनाउने होइन, सत्तालाई परिवर्तन र जनसेवाको साधनका रूपमा प्रयोग गर्ने** राजनीतिक संस्कार विकास गर्न आवश्यक छ ।

२.१२ **स्पष्ट तथा दीर्घकालीन सङ्गठनको अभाव :** कतिपय चरणमा आन्दोलनले व्यापक जनसमर्थन प्राप्त गरे पनि त्यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक सङ्गठन, प्रशिक्षित कार्यकर्ता, वैचारिक प्रशिक्षण तथा दीर्घकालीन कार्यक्रम पर्याप्त रूपमा विकास हुन सकेन । परिणामस्वरूप जनताको ऊर्जा र आन्दोलनको शक्तिलाई दीर्घकालीन राजनीतिक तथा संस्थागत उपलब्धिमा रूपान्तरण गर्न कठिन भयो ।

**२.१३ राष्ट्रिय स्तरमा पर्याप्त सहमति निर्माण हुन नसक्नु :** मधेशले उठाएका मागलाई सम्पूर्ण नेपाली समाजको साझा लोकतान्त्रिक, समावेशी र न्यायपूर्ण एजेण्डाका रूपमा स्थापित गर्न पर्याप्त संवाद, सहकार्य र राष्ट्रिय सहमति निर्माण हुन सकेन । यसका कारण मधेशी र गैर-मधेशी समुदायबीच राजनीतिक ध्रुवीकरण बढ्यो र वास्तविक मागप्रति सहानुभूति तथा समर्थन गर्नुको सट्टा अविश्वास तथा कथित राष्ट्रवादी प्रतिरोधसमेत देखियो ।

**२.१४ बाह्य प्रभावसम्बन्धी आरोप :** नेपालका शासक वर्ग र तत्कालिन सरकारले मधेश आन्दोलनलाई भारतसँग जोडेर हेर्ने तथा आन्दोलनलाई बाह्य प्रभावबाट निर्देशित भएको आरोप लगाउने राजनीतिक प्रचार पनि व्यापक रूपमा भयो । आन्दोलनका मूल मागहरू आन्तरिक विभेद, प्रतिनिधित्व, पहिचान र सामाजिक न्यायसँग सम्बन्धित भए पनि सीमा क्षेत्रसँग जोडिएको भौगोलिक अवस्थाका कारण बाह्य प्रभावसम्बन्धी आरोपले आन्दोलनको राष्ट्रिय स्वीकार्यता र राजनीतिक वैधतामा चुनौती सिर्जना गर्‍यो ।

**२.१५ आर्थिक तथा विकाससम्बन्धी एजेण्डा कमजोर हुनु :** नागरिकता, राजनीतिक अधिकार, पहिचान र प्रतिनिधित्वका प्रश्न आन्दोलनका प्रमुख एजेण्डा बने । तर रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पूर्वाधार विकास, गरिबी न्यूनीकरण तथा आर्थिक रूपान्तरणका प्रश्न अपेक्षाकृत कमजोर रूपमा अघि बढे । त्यसैले आगामी दिनमा मधेशको राजनीतिक सङ्घर्षलाई अधिकार र प्रतिनिधित्वका प्रश्नसँगै आर्थिक विकास, रोजगारी, उत्पादन, शिक्षा, स्वास्थ्य, कृषि आधुनिकीकरण, औद्योगिकीकरण र सामाजिक सुरक्षासँग जोड्नु आवश्यक छ ।

**३. अबको रणनीतिक दिशा :** राजनीतिक दलको भविष्य केवल संसदमा कति सीट जित्छ भन्ने कुराले निर्धारण हुँदैन । दलको वास्तविक शक्ति समानता, स्वतन्त्रता, सङ्घीयता, समावेशिता, सामाजिक न्याय, सुशासन, आर्थिक विकास, सामाजिक-आर्थिक रूपान्तरण, समृद्धि र राष्ट्रिय एकताका एजेण्डामा उसले कति प्रभावकारी नेतृत्व गर्छ भन्ने कुरामा निर्भर हुन्छ । मधेशका राजनीतिक मुद्दालाई राष्ट्रिय मुद्दासँग जोडेर अघि बढाउन सकिएमा मधेशमा मात्र सीमित राजनीतिक शक्तिको सट्टा नेपालकै निर्णायक राजनीतिक शक्ति र वैकल्पिक राष्ट्रिय नेतृत्वको भूमिका निर्वाह गर्न सकिन्छ । यसका लागि जनता समाजवादी पार्टी, नेपाललाई मधेशबाट उत्पत्ति भएको समाजवादी लोकतान्त्रिक, समावेशी, परिवर्तनकारी र राष्ट्रिय वैकल्पिक राजनीतिक शक्तिका रूपमा रूपान्तरण गर्न आवश्यक छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, सामाजिक न्याय तथा मौलिक अधिकारका उपलब्धिहरूलाई संस्थागत गर्दै ती उपलब्धिको प्रत्यक्ष अनुभूति जनताको दैनिक जीवनमा गराउनु आजको प्रमुख राजनीतिक दायित्व हो ।

**३.१ मधेशको मुद्दालाई राष्ट्रिय मुद्दासँग जोड्ने :** मधेशको प्रश्नलाई केवल क्षेत्रीय प्रश्नका रूपमा होइन, समान नागरिकता, समान अवसर, समान प्रतिनिधित्व, सामाजिक न्याय र समावेशी राष्ट्र निर्माणको राष्ट्रिय प्रश्नका रूपमा प्रस्तुत गर्नुपर्छ । मधेशसँगै कर्णाली, सुदूरपश्चिम, पहाडी तथा हिमाली क्षेत्रका पिछडिएका र उत्पीडित वर्ग तथा समुदायका समस्या पनि समान प्राथमिकताका साथ उठाउनुपर्छ । यसबाट क्षेत्रीय पहिचान र राष्ट्रिय एकताबीच सन्तुलन कायम गर्दै व्यापक लोकतान्त्रिक आधार निर्माण गर्न सकिन्छ ।

**३.२ संवैधानिक तथा राजनीतिक मुद्दाको सङ्घर्ष :** प्रदेश सीमाङ्कन र नामाङ्कन, पूर्ण समानुपातिक प्रतिनिधित्व, समान जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, राज्यका सुरक्षा तथा प्रशासनिक निकायमा समान सहभागिता तथा विगतका सम्झौताको पूर्ण कार्यान्वयनजस्ता प्रश्न अझै पूर्ण रूपमा समाधान भएका छैनन् । यी विषयलाई लोकतान्त्रिक, संवैधानिक तथा राजनीतिक सङ्घर्षमार्फत निरन्तर उठाउनुपर्छ ।

**३.३ राज्यसत्तामा रहेको असमान संरचनाको अन्त्य :** राज्यका राजनीतिक, प्रशासनिक, सुरक्षा, आर्थिक तथा सेवा-सुविधाका संरचनामा ऐतिहासिक रूपमा कायम रहेको एकल जातीय तथा अभिजात प्रभुत्वमा अपेक्षित परिवर्तन अझै हुन सकेको छैन । त्यसैले मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला तथा अन्य सीमान्तकृत समुदायको वास्तविक र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने सङ्घर्षलाई अझ सशक्त बनाउनुपर्छ ।

**३.४ वैचारिक स्पष्टता र सङ्गठनात्मक पुनर्निर्माण :** पार्टीलाई केवल निर्वाचनमुखी सङ्गठनका रूपमा होइन, स्पष्ट विचार, प्रशिक्षित कार्यकर्ता, जनआधारित सङ्गठन, अनुशासन र दीर्घकालीन राजनीतिक कार्यक्रम भएको परिवर्तनकारी समाजवादी शक्तिका रूपमा पुनर्गठन गर्न आवश्यक छ । **राजनीतिक नेतृत्व व्यक्तिकेन्द्रित नभई नीतिकेन्द्रित, संस्थागत र जनउत्तरदायी हुनुपर्छ ।** सङ्गठनको आधार निर्वाचनको समयमा मात्र सक्रिय हुने संरचना नभई जनताको दैनिक समस्या र सङ्घर्षसँग जोडिएको स्थायी जनसङ्गठन हुनुपर्छ ।

**३.५ सत्ता साझेदारीको नयाँ राजनीतिक मापदण्ड :** विपरीत विचार, सिद्धान्त र राजनीतिक एजेण्डा भएका दलहरूसँग केवल सत्ता प्राप्तिका लागि अल्पकालीन वा अप्राकृतिक कार्यगत एकता गर्नुको सट्टा आफ्नै विचार, सिद्धान्त, नीति र कार्यक्रमका आधारमा जनताबीच जानुपर्छ । आवश्यकता र राजनीतिक परिस्थितिअनुसार सरकारमा सहभागी हुने वा प्रतिपक्षमा बस्ने निर्णय गर्दा स्पष्ट राजनीतिक मापदण्ड हुनुपर्छ । **सत्ता साध्य होइन, परिवर्तनको साधन हो** भन्ने मान्यतालाई व्यवहारमा स्थापित गर्नुपर्छ ।

**३.६ सुशासन र भ्रष्टाचारविरूद्ध दृढ प्रतिबद्धता :** पार्टीले आफूभित्र र राज्य सञ्चालनमा भ्रष्टाचार, आर्थिक अनियमितता, कमिसन, नातावाद, कृपावाद र सत्ता दुरूपयोग विरूद्ध स्पष्ट नीति अपनाउनुपर्छ । सरकारमा सहभागी हुँदा जनताले प्रत्यक्ष अनुभूति गर्ने सुशासन, पारदर्शिता, सामाजिक सुरक्षा, रोजगारी तथा लोककल्याणकारी कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

**३.७ आर्थिक तथा सामाजिक रूपान्तरणको स्पष्ट कार्यक्रम :** मधेशको राजनीतिक अधिकारसँगै आर्थिक रूपान्तरणलाई पार्टीको मुख्य एजेण्डा बनाउनुपर्छ । कृषि आधुनिकीकरण, सिंचाइ, उद्योग, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार, सीप विकास, उद्यमशीलता तथा गरिबी न्यूनीकरणलाई दीर्घकालीन योजनासँग जोड्नुपर्छ । मधेशलाई केवल राजनीतिक सङ्घर्षको भूगोल नभई उत्पादन, रोजगारी, उद्योग, कृषि र समृद्धिको केन्द्रका रूपमा विकास गर्ने स्पष्ट आर्थिक दृष्टिकोण आवश्यक छ ।

## ४. नयाँ राजनीतिक यात्राको आवश्यकता :

मधेश आन्दोलनले नेपालको राजनीतिक इतिहासमा गणतन्त्र, पहिचान, समानता, स्वतन्त्रता, प्रतिनिधित्व, सङ्घीयता र सामाजिक न्यायका महत्वपूर्ण प्रश्नहरू स्थापित गरेको छ । यसले राज्यको केन्द्रीकृत संरचनालाई चुनौती दिँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता र अधिकारमा आधारित राजनीतिक संरचनाको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । तर आन्दोलनका सबै उद्देश्य पूरा भइसकेका छैनन् । विगतका कमजोरीहरू–राजनीतिक विभाजन, नेतृत्वबीचको अविश्वास, सत्ता केन्द्रित प्रवृत्ति, कमजोर सङ्गठन, केही नेतृत्व वर्गमा वैचारिक अस्पष्टता, सीमित सामाजिक सहभागिता तथा दीर्घकालीन आर्थिक कार्यक्रमको अभाव बाट पाठ सिक्दै नयाँ राजनीतिक कार्यदिशा निर्माण गर्न आवश्यक छ । **अबको राजनीतिक यात्रा केवल विगतका उपलब्धिको रक्षा गर्ने यात्रा मात्र हुनुहुँदैन; त्यसलाई थप विस्तार गर्दै जनताको जीवनमा वास्तविक परिवर्तन ल्याउने यात्रा हुनुपर्छ ।** त्यसैले जनता समाजवादी पार्टी, नेपालले आफूलाई पुनःपरिभाषित गर्दै मधेशको अधिकारको सङ्घर्षलाई राष्ट्रिय समानता र सामाजिक न्यायको सङ्घर्षसँग जोड्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने, समावेशी लोकतन्त्रलाई संस्थागत गर्ने र जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने **समाजवादी लोकतान्त्रिक** वैकल्पिक शक्तिका रूपमा विकास गर्नुपर्छ । अबको मूल राजनीतिक सन्देश स्पष्ट हुनुपर्छ :

**“सत्ताका लागि मात्र होइन, परिवर्तनका लागि मूल्यनिष्ठ राजनीति; व्यक्तिका लागि होइन, जनताका लागि नेतृत्व ।”** यही राजनीतिक दृष्टिकोण, वैचारिक स्पष्टता, सङ्गठनात्मक पुनर्निर्माण, जनआधारित सङ्घर्ष र सुशासनको प्रतिबद्धतामार्फत जनता समाजवादी पार्टी, नेपालले नेपालको राजनीतिमा नयाँ वैकल्पिक र परिवर्तनकारी भूमिका निर्माण गर्न सक्छ ।

**५. नयाँ संविधान, २०७२ :** २० सेप्टेम्बर २०१५ (बि.सं.२०७२ असोज ३ गते) नेपालको नयाँ संविधान जारी भई नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा संस्थागत गरियो । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना स्थापना भयो । समानुपातिक प्रतिनिधित्व, समावेशिता, मौलिक अधिकार तथा सामाजिक न्यायलाई संवैधानिक आधार प्रदान गरियो । नेपालको संविधान, २०७२ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, लोकतन्त्रको संवैधानिक आधार, मौलिक अधिकारको व्यापक प्रत्याभूति, महिलाको राजनीतिक प्रतिनिधित्व, स्थानीय तहलाई संवैधानिक अधिकार, स्वतन्त्र संवैधानिक निकाय, धर्मनिरपेक्षता तथा सामाजिक न्यायलगायतका महत्वपूर्ण उपलब्धिहरूलाई संस्थागत गरेको छ । वर्तमान संविधानको अर्को महत्वपूर्ण संवैधानिक व्यवस्था **“नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ”** भन्ने मान्यता हो ।अतः नेपाली जनतामा निहित सार्वभौमसत्ता तथा राजकीय सत्ताको प्रतिकूल हुने कुनै पनि कार्य, प्रवृत्ति वा व्यवस्था जनता समाजवादी पार्टी, नेपाललाई स्वीकार्य हुने छैन र हुन पनि सक्दैन ।

यद्यपि, संविधानमा सङ्घीय संरचना र राज्यशक्तिको बाँडफाँटसँग सम्बन्धित कतिपय महत्वपूर्ण कमजोरी तथा असन्तुलनहरू विद्यमान छन् । विशेषतः प्रदेश संरचनाको निर्माणमा देखिएका त्रुटिहरू, स्थानीय तहलाई प्रदेशको अधीनस्थ वा मातहतमा नराखिएको अवस्था, पहिचान र सामर्थ्यका आधारमा प्रदेशको सीमाङ्कन तथा नामाङ्कन हुन नसक्नु, प्रदेशको अधिकारक्षेत्र न्यून र कमजोर हुनु, मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, खस, पिछडा वर्गलगायत बहिष्करणमा पारिएका तथा सीमान्तकृत समुदायका माग र सरोकारहरूको पर्याप्त सम्बोधन हुन नसक्नु, जनसङ्ख्याको समानुपातिक आधारमा निर्वाचन क्षेत्र निर्धारण नहुनु, शक्ति सन्तुलनसम्बन्धी विवाद, निर्वाचन प्रणालीको जटिलता तथा बढ्दो खर्चिलोपन, सरकार गठन प्रक्रियामा देखिएको अस्थिरता, सङ्घीयताको पूर्ण कार्यान्वयनमा उत्पन्न जटिलता, संविधान संशोधनको असहज प्रक्रिया, शासकीय स्वरूपका कमजोरी, न्यायपालिकासम्बन्धी जटिलता तथा सङ्घ र प्रदेशबीच अधिकार र स्रोतको न्यायोचित एवं स्पष्ट बाँडफाँट हुन नसक्नु संविधानका प्रमुख कमजोरीका रूपमा रहेका छन् ।

## ५.१ संविधान संशोधनको बहस : आवश्यकता र चुनौती

संविधान संशोधनका विषयमा सरकारले बहसपत्र तयार गर्ने भनिए पनि यससम्बन्धी बहस अझै स्पष्ट, सहमतिमूलक र निष्कर्षमुखी हुन सकेको छैन । सत्तारूढ दलले आफ्नो स्पष्ट र समग्र संवैधानिक दृष्टिकोण जनसमक्ष प्रस्तुत गर्न बाँकी रहेको अवस्था छ । नेपाली कांग्रेसलगायत परम्परागत राजनीतिक दलहरूले पनि संविधानका केही पक्ष पुनरावलोकन गर्नुपर्ने प्रस्ताव अघि सारेका छन् । संविधान संशोधन गर्दा सङ्घीयता, निर्वाचन प्रणाली, शासकीय स्वरूप, समावेशिता, न्यायपालिकाको पुनर्संरचना, धर्मनिरपेक्षता, सामाजिक न्याय, प्रादेशिक स्वायत्तता, निर्वाचन क्षेत्र निर्धारण तथा सङ्घ-प्रदेश-स्थानीय तहबीचको अधिकार, साधन-स्रोत र शक्तिको बाँडफाँटजस्ता विषयलाई समग्रतामा सम्बोधन गर्नुपर्छ । संविधान संशोधन अग्रगमनको लागि गरिनुपर्दछ । संविधान संशोधन कुनै एक दल वा सत्तारूढ शक्तिको स्वार्थमा सीमित नभई व्यापक राष्ट्रिय संवाद, राजनीतिक सहमति, जनताको सहभागिता तथा ऐतिहासिक रूपमा अन्याय र बहिष्करणमा परेका समुदायका अधिकारलाई केन्द्रमा राखेर अघि बढाउन आवश्यक छ । संविधानका सकारात्मक उपलब्धिहरूको संरक्षण गर्दै विद्यमान कमी-कमजोरीहरूलाई आवश्यकताअनुसार संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखनमार्फत सम्बोधन गर्नुपर्दछ । संविधानलाई समय, आवश्यकता र

जनआकाङ्क्षाअनुकूल बनाउँदै सङ्घीयता, समावेशिता, समानता, स्वतन्त्रता, सामाजिक न्याय, लोकतान्त्रिक गणतन्त्र र जनताको सार्वभौमसत्तालाई अझ प्रभावकारी रूपमा संस्थागत गर्नु पर्छ ।

**५.२ नेपालको राजनीतिक परिवर्तन र सामाजिक रूपान्तरण :** नेपालको राजनीतिक परिवर्तन मूलतः एकात्मक तथा केन्द्रीकृत राजकीय शासन प्रणालीबाट जननिर्वाचित, बहुदलीय, समावेशी, धर्मनिरपेक्ष, सङ्घीय तथा गणतान्त्रिक शासन प्रणालीतर्फको ऐतिहासिक यात्रा हो । यस परिवर्तनको क्रममा सुशासन, समृद्धि, लोकतन्त्र, सामाजिक न्याय, आर्थिक न्याय, समावेशी लोकतन्त्र, राष्ट्रिय पहिचान, सङ्घीयता, मानव अधिकार, विधिको शासन, आर्थिक समानता तथा सामाजिक सुरक्षाजस्ता विषयहरू प्रमुख राजनीतिक मुद्दाका रूपमा विकसित भएका छन् । यो परिवर्तन नेपालको आधुनिक राजनीतिक विकासको महत्वपूर्ण आधार हो ।

नेपालको वर्तमान लोकतन्त्रलाई त्रुटीपूर्ण लोकतन्त्र भन्न सकिन्छ। निर्वाचन भएको तर, लोकतन्त्रका सबै संस्थागत, संवैधानिक र नागरिक अधिकारहरू प्रभावकारी रूपमा नभएको अवस्था छ। विधिको शासन अत्यन्त कमजोर छ। कार्यपालिकामाथि व्यवस्थापिका र न्यायपालिकाको नियन्त्रण चुनौतिपूर्ण रहेका छन् । बहिष्करणमा पारिएका सीमान्तीकृत समुदायहरुको अधिकार पर्याप्त रुपमा प्रभावकारी हुन सकेको छैन। तसर्थ लोकतन्त्रलाई सुदृढ बनाउन अधिकार, कानूनको शासन, संस्थागत नियन्त्रण, सामाजिक सहभागिता र लोकतान्त्रिक संस्कार पनि आवश्यक हुन्छ । त्यसैले वर्तमान कमजोर त्रुटीपूर्ण लोकतन्त्रबाट सुदृढ लोकतन्त्रतर्फको यात्रामा लोकतान्त्रिक संस्थाहरूलाई गहिरो र प्रभावकारी रूपमा संस्थागत गर्नुपर्छ ।

नेपालको सामाजिक संरचनाको प्रमुख विशेषता बहुराष्ट्रियता/बहुजातीयता, बहुभाषिकता, बहुधार्मिकता, बहुसांस्कृतिकता तथा भौगोलिक र क्षेत्रीय विविधता हो । तर राज्यसत्ता, स्रोत, अवसर र सामाजिक प्रतिष्ठाको वितरणमा लामो समयदेखि एउटै भाषा, संस्कृति तथा निश्चित जातीय समूहको वर्चस्व कायम रहँदै आएको छ । फलस्वरूप मधेशी, आदिवासी जनजाति, दलित, पिछडा वर्ग, थारू, महिला, मुस्लिम तथा अन्य अल्पसंख्यक र सीमान्तकृत समुदायमाथि कायम रहेको बहिष्करण र सीमान्तीकरणको अवस्थामा अपेक्षित परिवर्तन आउन सकेको छैन । यी समुदायहरू अझै पनि भेदभावरहित ढङ्गले राष्ट्रिय राजनीति, आर्थिक विकास, राष्ट्र निर्माण तथा आधुनिकीकरणको प्रक्रियामा पूर्ण र समान रूपमा सहभागी हुन सकेका छैनन् । हरेक व्यक्तिको गरिमा, स्वतन्त्रता, समानता र न्यायको पूर्ण प्रत्याभूति हुनुपर्ने लोकतान्त्रिक मान्यता व्यवहारमा अझै स्थापित हुन सकेको छैन । जात/जाति, धर्म, लिङ्ग, भाषा, वर्ग, क्षेत्र तथा अन्य सामाजिक-सांस्कृतिक आधारमा हुने विभेद र असमानता विभिन्न रूपमा विद्यमान छन् । त्यसैले **राजनीतिक परिवर्तनलाई सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणसँग जोड्दै समानता र न्यायमा आधारित समाज निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो ।**

**५.३ राजनीतिक परिवर्तन र आर्थिक-सामाजिक रूपान्तरणको अपूर्णता :** नेपालमा राजनीतिक अधिकार र प्रतिनिधित्वको विस्तार भए पनि सम्पत्ति, पुँजी, भूमि, रोजगारी तथा आर्थिक अवसरहरू सीमित समूहमा केन्द्रित हुँदै गएको अवस्था विद्यमान छ । यसले राजनीतिक परिवर्तनलाई मात्र पर्याप्त मान्न नसकिने देखाउँछ। राजनीतिक अधिकारको विस्तारसँगै आर्थिक स्रोत, उत्पादनका साधन तथा अवसरहरूको न्यायोचित र समान वितरण हुन नसकेसम्म लोकतान्त्रिक परिवर्तन पूर्ण हुन सक्दैन ।

मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडा वर्ग, थारू, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायका समस्या राजनीतिक प्रतिनिधित्वमा मात्र सीमित छैनन् । आर्थिक स्रोत र अवसरको असमान तथा विभेदपूर्ण वितरणका कारण यी समुदायहरू राजनीतिक रूपमा मात्र होइन, सामाजिक तथा आर्थिक रूपमा समेत पछाडि परेका छन् । त्यसैले नेपालको वर्तमान राजनीतिक अवस्थालाई **"गणतान्त्रिक राजनीतिक परिवर्तन भएको, तर सामाजिक-आर्थिक संरचनामा अपेक्षित रूपान्तरण**

**अझै अधुरो रहेको अवस्था"** का रूपमा विश्लेषण गर्न सकिन्छ । जाति, वर्ग र लैङ्गिक विभेदको अन्त्य बिना लोकतन्त्र पूर्ण हुँदैन ।

राजनीतिक रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भए पनि सामाजिक तथा आर्थिक संरचनामा सामन्ती अवशेष, केन्द्रीकृत सत्ता-संस्कृति तथा नव-औपनिवेशिक निर्भरता र संरचनागत असमानताका विभिन्न रूपहरू अझै कायम रहेका छन् । अतः राजनीतिक परिवर्तनलाई सामाजिक न्याय, आर्थिक समानता, उत्पादनमुखी अर्थतन्त्र, अवसरको समान वितरण र राज्यसत्तामा सबै समुदायको समान पहुँचसँग जोडेर अघि बढाउनु आवश्यक छ ।

५.४ **वर्तमान राजनीतिक अवस्था र प्रमुख चुनौतीहरू :** सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको करिब दुई दशक पुग्न लाग्दा पनि नेपाली जनतामा राजनीतिक दलहरूप्रति बढ्दो वितृष्णा, पटक-पटक हुने अस्थिर सत्ता समीकरण तथा गठबन्धन, भ्रष्टाचारको निरन्तरता र सुशासनप्रतिको निराशा प्रमुख चुनौतीका रूपमा देखापरेका छन् । राज्य सञ्चालनको व्यवहारमा पुरानो केन्द्रीकृत सत्ता-संस्कृति, राजनीतिक संरक्षणवाद, भ्रष्टाचार, अवसरवाद तथा अभिजातवर्गीय प्रभाव अझै बलियो रहेको छ । राज्यसत्ता र सरकार परिवर्तन भए पनि राजनीतिक संस्कार, शासन सञ्चालनको शैली र राज्य संरचनाभित्रका कतिपय पुराना प्रवृत्तिमा अपेक्षित परिवर्तन आउन सकेको छैन । **राजनीतकि व्यवस्था त बदलियो तर जनताको अवस्था बदलिएन ।** परम्परागत ठूला राजनीतिक दलहरू जनताका आधारभूत आवश्यकता, अधिकार र परिवर्तनका मुद्दाभन्दा सत्ता केन्द्रित राजनीतिमा बढी केन्द्रित भएको जनगुनासो बढ्दै गएको छ । फलस्वरूप जनताको जीवनमा आमूल र प्रत्यक्ष परिवर्तन ल्याउने राजनीतिक तथा आर्थिक कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

देश अझै पनि आर्थिक मन्दी, बेरोजगारी, गरिबी, सामाजिक विभेद, अवसरको असमान वितरण तथा संस्थागत विकृतिजस्ता समस्याबाट प्रभावित छ । उत्पादन र रोजगारीका पर्याप्त अवसर सिर्जना हुन नसक्दा ठूलो सङ्ख्यामा युवा जनशक्ति विदेशिन बाध्य भइरहेको छ । राज्यको आर्थिक नीति, विकास प्रक्रिया तथा स्रोत-साधनको वितरणमा समेत समानता, न्याय र समावेशिताको प्रश्न अझै सम्बोधन हुन सकेको छैन । अतः नेपालको राजनीतिक परिवर्तनलाई संस्थागत गर्दै त्यसलाई सामाजिक न्याय, आर्थिक समानता, समावेशी लोकतन्त्र, सुशासन, राष्ट्रिय स्वाधीनता, उत्पादनमुखी अर्थतन्त्र तथा जनताको जीवनस्तरमा प्रत्यक्ष सुधारसँग जोड्नु आजको प्रमुख आवश्यकता हो । राजनीतिक परिवर्तनलाई केवल सत्ता हस्तान्तरणमा सीमित नराखी राज्यको चरित्र, शासन प्रणाली, आर्थिक संरचना र सामाजिक सम्बन्धमा समेत लोकतान्त्रिक तथा न्यायपूर्ण रूपान्तरण ल्याउने दिशामा अघि बढ्नुपर्दछ ।

बदलिँदो विश्व व्यवस्थामा नेपाल अहिले भारत, चीन, अमेरीका तथा अन्य अन्तरार्राष्ट्रिय शक्तिहरूको बढ्दो रणनीतिक प्रतिष्पर्धाबीच रहेको छ । नेपाल-भारतबीच ऐतिहासिक, साँस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक र बहुआयामिक रूपमा अत्यन्त महत्वपूर्ण घनिष्ठ सम्बन्ध रहेका छन् । नेपाल-भारत सम्बन्धलाई समानता, पारस्परिक सम्मान र साझाहीतका आधारमा अघि बढाउन सके दुबै देशका लागि ठूलो आर्थिक तथा रणनीतिक लाभ हुन सक्छ । यसका अतिरिक्त, बदलिँदो अन्तर्राष्ट्रिय भू-राजनीतिक परिस्थितिले नेपालको राष्ट्रिय हित, स्वाधीनता, सार्वभौमिकता तथा राष्ट्रिय सुरक्षासमेत नयाँ चुनौतीको सामना गरिरहेको छ । यस्तो अवस्थामा नेपालको राष्ट्रिय हितलाई सर्वोपरि राख्दै असंलग्न परराष्ट्र नीति, राष्ट्रिय स्वाधीनता, सार्वभौकिता, पारस्परिक सम्मान, छिमेकीसँग असल सम्बन्ध, आर्थिक कूटनीति तथा राष्ट्रिय एकता सुदृढ गर्नु आवश्यक छ । नेपालले कुनै पनि शक्ति राष्ट्रको पक्षधर नभई राष्ट्रियहीतमा आधारित सन्तुलित विदेश नीति अपनाउनुपर्छ ।

## ६. नेपालको वर्तमान राजनीतिक परिदृश्य :

नेपालको वर्तमान राजनीति परम्परागत राजनीतिक शक्तिहरूको प्रभुत्वबाट नयाँ राजनीतिक शक्ति तथा नयाँ राजनीतिक संस्कारतर्फ संक्रमण भइरहेको अवस्थामा छ । नेपाली कांग्रेस, विभिन्न कम्युनिष्ट धार, राप्रपा, नेपाली कम्युनिष्ट पार्टी अर्थात नेकपा (माओवादी केन्द्र) लगायत परम्परागत राजनीतिक शक्तिहरूप्रति जनताको असन्तुष्टि बढ्दै गएको देखिन्छ ।

विशेषतः कम्युनिष्ट आन्दोलनका मूल वर्गीय तथा रूपान्तरणकारी एजेन्डा कमजोर हुँदै वर्ग सङ्घर्ष त्यागेर वर्ग समन्वय र पुँजीवादी संसदीय राजनीतिक अभ्यासतर्फ उन्मुख भएको आलोचना छ । कम्युनिष्ट शक्तिहरूको विभाजन, गुटबन्दी, सत्ता केन्द्रित राजनीति तथा अवसरवादका कारण उनीहरूको राजनीतिक विश्वसनीयतामा प्रश्न उठेको छ । युवा आन्दोलन र नयाँ राजनीतिक चेतना सन् २०२५ मा भएको जेनजी युवा आन्दोलनले भ्रष्टाचार, बेरोजगारी, बेथिति, सुशासन, पारदर्शिता तथा जवाफदेहिताका सवाललाई राष्ट्रिय बहसको केन्द्रमा ल्यायो । यस आन्दोलनले युवाको आवाजलाई बेवास्ता गर्न नसकिने स्पष्ट सन्देश दिएको छ ।

२०८२ साल फाल्गुण २१ गते (५ मार्च, २०२६) मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनलाई 'परम्परागत दलप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक विकल्पको जनआकाङ्क्षको निर्वाचन' भन्न सकिन्छ । परम्परागत राजनीतिक दलहरूप्रतिको लामो समयदेखिको असन्तुष्टि, सत्ता सङ्घर्ष, गुटबन्दी, अपेक्षित सुशासनको अभाव, आर्थिक समृद्धि तथा रोजगारीका अवसरको कमी, कमजोर शिक्षा तथा स्वास्थ्य सेवा लगायतका विषयले नयाँ राजनीतिक विकल्पको मागलाई बलियो बनाएका छन् । चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले वैचारिक भन्दा पनि 'सुशासन र विकास' लाई मूल नारा दियो र सामाजिक सञ्जाल तथा Algorithm लाई प्रभावकारी प्रयोग गऱ्यो । सामाजिक सञ्जाल तथा डिजिटल अभियानले पनि नयाँ राजनीतिक चेतना निर्माण र जनमत परिचालनमा महत्वपूर्ण भूमिका खेलेका छन् । युवा आन्दोलनले पुरानो राजनीतिक संस्कार, भ्रष्टाचार, कमिसनतन्त्र, नातावाद तथा राजनीतिक संरक्षणवादमाथि प्रश्न उठाउँदै सुशासन, पारदर्शिता, जवाफदेहिता र युवाको अर्थपूर्ण सहभागिताको मागलाई बलियो बनाएको छ । रोजगारी, भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाह, आर्थिक अवसर र राजनीतिक स्थिरता जस्ता विषय जनताको प्राथमिकतामा भएको देखिन्छ । परम्परागत कांग्रेस, कम्युनिष्ट पार्टीहरूको जनाधारमा ठूलो क्षति भएको छ । मतदाताले पुराना पार्टी भन्दा नयाँ नेतृत्व र नयाँ राजनीतिक शैलीलाई प्राथमिकता दिएको देखिन्छ । सुरक्षा कर्मी, विदेशी शक्ति, सरकार र निर्वाचन आयोगको भूमिकाका विषयमा संसदमा समेत विवाद उठेको छ । यो निर्वाचनले जसपा, नेपाललाई पनि गम्भिर सन्देश दिएको छ । हाम्रा लागि यो केवल निर्वाचनमा हार होइन; पार्टीको राजनीतिक कार्यदिशा, सङ्गठनात्मक अवस्था, नेतृत्व शैली, जनसम्बन्ध र सामाजिक आधारवारे गम्भिर पुनर्विचार गर्नु पर्ने संकेत हो । हामीले यस सम्बन्धमा निर्मम आत्मसमिक्षा, यथार्थको स्वीकार, नयाँ दिशा निर्धारण र सङ्गठनात्मक पुनर्निर्माणका लागि ठोस निर्णय लिनुपर्छ । यस निर्वाचनबाट जसपा, नेपालको राष्ट्रिय राजनीतिमा पहुँच र भूमिका निकै कमजोर भएको छ । चुनावी परिणाको ठोस एवं बस्तुपरक रूपमा विश्लेषण र समिक्षा गरी आगामी रणनीतिक कार्यदिशा निर्धारण गर्नुपर्छ ।

**६.१ नयाँ राजनीतिक शक्तिको अवसर र चुनौती :** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको ठूलो जनादेशले सरकारलाई नीति तथा कानून कार्यान्वयनका लागि महत्वपूर्ण राजनीतिक अवसर प्रदान गरेको छ । तर यस्तो जनादेशलाई प्रभावकारी शासन, संसदीय उत्तरदायित्व, पारदर्शिता, सुशासन, संवैधानिक संस्थाहरूको सम्मान, सङ्घीयताको प्रभावकारी कार्यान्वयन तथा राजनीतिक नियुक्तिमा समावेशितासँग जोडेर अघि बढाउनुपर्ने चुनौती रहेको छ । राज्यका प्रमुख निर्णयहरू सीमित व्यक्ति

वा केन्द्रमा अत्यधिक केन्द्रित हुँदै जाँदा राजनीतिक शक्ति केन्द्रीकरणको जोखिम बढ्छ, राजनीतिक रूपले सर्वसत्तावादको जन्म हुन्छ । अत्यधिक शक्ति केन्द्रीकरणले लोकतान्त्रिक संस्थाहरू–संसद्, न्यायपालिका, निर्वाचन आयोग, सञ्चारमाध्यम तथा संवैधानिक निकाय–को स्वायत्तता र प्रभावकारितालाई कमजोर बनाउन सक्छ। नियन्त्रित लोकतन्त्र नेपालीको नियती कदापि हुन सक्दैन । यसबाट लोकतान्त्रिक संस्थामाथि कार्यपालिकाको नियन्त्रण बढ्ने, शक्ति सन्तुलन कमजोर हुने तथा अधिनायकवादी प्रवृत्ति विकसित हुने जोखिम रहन्छ। **जब शक्ति केही व्यक्तिमा केन्द्रित हुन्छ र नियम सबैका लागि बराबर हुँदैन, राष्ट्र कमजोर हुन्छ ।** केवल नारा होइन, संस्था, नीति र कार्यान्वयन बलियो भएमात्र राष्ट्रि सफल हुन्छ। त्यसैले सङ्घीयता, प्रादेशिक स्वायत्तता, स्थानीय स्वायत्तता, समावेशी प्रतिनिधित्व, धर्मनिरपेक्षता, लोकतान्त्रिक गणतन्त्र तथा शक्ति सन्तुलन लोकतन्त्रलाई संस्थागत र सुदृढ बनाउने आधारभूत तत्व हुन् ।

लोकतन्त्र केवल संविधान, निर्वाचन र संसदको उपस्थितिले मात्र सुरक्षित र सुदृढ हुँदैन । यसको निरन्तर संरक्षण र सुदृढीकरणका लागि राजनीतिक सहिष्णुता, संस्थागत संयम, स्वतन्त्र तथा स्वायत्त संस्थाहरू, विपक्षीको सम्मान, नागरिक अधिकारको संरक्षण र लोकतान्त्रिक संस्कारको विकास आवश्यक हुन्छ । राजनीतिक प्रतिस्पर्धीलाई नष्ट गर्नुपर्ने शत्रुका रूपमा होइन, लोकतान्त्रिक प्रक्रियामा प्रतिस्पर्धा गर्ने राजनीतिक सहयात्रीका रूपमा स्वीकार गर्नुपर्छ। कानूनले अधिकार प्रदान गरेको छ भन्दैमा त्यसको दुरुपयोग गरी लोकतान्त्रिक प्रणाली र संस्थाहरूलाई कमजोर बनाउनु हुँदैन। लोकतन्त्रको मूल मर्म विधिको शासन, शक्ति सन्तुलन, सहिष्णुता र राजनीतिक असहमतिलाई सम्मान गर्ने संस्कारमा निहित हुन्छ। नेपालमा लोकतन्त्रलाई सुदृढ र संस्थागत बनाउन संविधानको पूर्ण पालना, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन, प्रभावकारी संसद, सबल र जिम्मेवार विपक्ष, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षण र समावेशी प्रतिनिधित्व अत्यन्त महत्वपूर्ण छन् । यी पक्षहरूको प्रभावकारी कार्यान्वयन र संस्थागत विकासबाट मात्र नेपालको लोकतन्त्रलाई दीर्घकालीन रूपमा सुदृढ बनाउन सकिन्छ ।

**६.२ सीमान्तकृत समुदाय र राज्य पुनर्संरचनाको सवाल :** ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौगोलिक कारणले राज्यका स्रोत, अवसर, निर्णय प्रक्रिया तथा अधिकारमा तुलनात्मक रूपमा कम पहुँच भएका समुदायलाई सीमान्तकृत समुदायका रूपमा बुझ्न सकिन्छ । नेपालका प्रमुख सीमान्तकृत समुदायमा दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा सुकुम्बासी, अत्यन्त गरिब, लोपोन्मुख तथा साना जातीय समुदाय, खस, पिछडा वर्ग तथा विकट र दुर्गम क्षेत्रका समुदायहरू पर्दछन् । यी समुदायको प्रतिनिधित्व, पहिचान, अधिकार तथा समान अवसरको प्रश्न अझै पूर्ण रूपमा समाधान भएको छैन । सङ्घीयताको प्रभावकारी कार्यान्वयन, प्रदेशको अधिकार विस्तार, समावेशी राज्य निर्माण, समानुपातिक प्रतिनिधित्व तथा स्रोत-साधनको न्यायोचित वितरण अझै महत्वपूर्ण राजनीतिक सवालका रूपमा रहेका छन्। त्यसैगरी भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, कृषि सुधार, गरिब तथा विपन्न वर्गको संरक्षण, कानूनी सेवा, सुकुम्बासी समस्याको समाधान, प्रभावकारी सेवा प्रवाह तथा समान विकासका क्षेत्रमा ठोस सुधार आवश्यक छ। प्रशासनिक सुधार र सुशासनमा सरकारले गरेका दाबीलाई परिणाममुखी उपलब्धिसँग जोडेर मूल्याङ्कन गर्न आवश्यक छ । समग्रमा, नेपालको वर्तमान राजनीति ठूलो सम्भावना र ठूलो जोखिम दुवै भएको संक्रमणकाल हो । नयाँ राजनीतिक शक्तिका लागि सुशासन, पारदर्शिता र

परिणाममुखी शासन स्थापित गर्ने अवसर छ भने परम्परागत दलहरूका लागि आत्मसमीक्षा, पुनर्गठन र राजनीतिक पुनर्जागरणको अवसर छ । तर नेपालको दीर्घकालीन हितका लागि राजनीतिक स्थायित्व, लोकतान्त्रिक संस्थाको सुदृढीकरण, सुशासन, समावेशिता र आर्थिक रूपान्तरणलाई एकसाथ अघि बढाउन आवश्यक छ ।

**७. नेपालमा वैश्विक प्रभुत्वशाली आर्थिक तथा राजनीतिक शक्तिहरूको प्रभावः**

नेपालमा वैश्विक प्रभुत्वशाली आर्थिक तथा राजनीतिक शक्तिहरूको प्रभावलाई राजनीतिक-आर्थिक दृष्टिले विश्लेषण गर्दा पूँजी, बजार, राज्यसत्ता, भूराजनीति तथा राष्ट्रिय हितबीचको सम्बन्धका रूपमा हेर्नुपर्छ ।

**क) आर्थिक निर्भरता र वैदेशिक सहायताः** नेपालको अर्थतन्त्रमा आयात, विप्रेषण, वैदेशिक सहायता, विदेशी लगानी तथा बाह्य बजारको महत्वपूर्ण भूमिका रहेको छ । यसले नेपालको आर्थिक नीतिमा बाह्य आर्थिक शक्तिको अप्रत्यक्ष प्रभाव बढाउने अवस्था सिर्जना गरेको छ ।

नेपालको विदेश तथा आर्थिक नीतिमा अमेरिका, युरोपेली सङ्घ तथा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ), एसियाली विकास बैंकलगायत बहुपक्षीय संस्थाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव रहँदै आएको छ । वैदेशिक सहायता, ऋण, विकास साझेदारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्धले बजेट, आर्थिक सुधार तथा विकास नीतिमा प्रभाव पार्ने गर्दछ । यसको परिणामस्वरूप आयात-निर्यात असन्तुलन, विप्रेषणमा अत्यधिक निर्भरता तथा उत्पादनमूलक क्षेत्रको कमजोर विकासजस्ता समस्या देखिएका छन् । नेपालबाट कच्चा पदार्थ तथा कम मूल्यका वस्तु निर्यात हुने तर उच्च मूल्यका प्रशोधित वस्तु आयात हुने अवस्था पनि विद्यमान छ ।

**ख) संरचनात्मक असमानताः** वैश्विक आर्थिक शक्तिहरूले उदार बजार अर्थतन्त्र तथा निजीकरणलाई प्राथमिकता दिँदा पूँजीको केन्द्रीकरण बढ्न सक्छ । यसको परिणामस्वरूप साना किसान तथा उद्योगीहरू कमजोर हुने, श्रम बजार अनौपचारिक बन्ने तथा दीर्घकालमा आर्थिक आत्मनिर्भरता कमजोर हुने जोखिम रहन्छ ।

**ग) भूराजनीतिक प्रतिस्पर्धाः** नेपालको भौगोलिक अवस्थाका कारण विश्वका शक्ति राष्ट्रहरूको रणनीतिक चासो बढिरहेको छ । पूर्वाधार, कनेक्टिभिटी, सुरक्षा, प्राकृतिक स्रोत तथा कूटनीतिक सम्बन्धमा यसको प्रभाव देखिन्छ । नेपालको जलस्रोत, जलविद्युत्, पर्यटन, खनिज, भौगोलिक कनेक्टिभिटी तथा अन्तर्राष्ट्रिय लगानी रणनीतिक चासोका विषय बनेका छन् ।

**घ) राजनीतिक प्रभावः** संवैधानिक तथा राजनीतिक संक्रमणका क्रममा देशका राजनीतिक दल, निर्वाचन, सरकार परिवर्तन र प्रशासनिक संरचनामा भूमिका एवं व्यवसायिक क्षेत्र तथा अभिजात वर्गसँग बाह्य शक्तिको गठजोड हुँदा राष्ट्रिय हित कमजोर हुने अवस्था सिर्जना हुन सक्छ । राजनीतिक रूपमा यसले सुशासन तथा राष्ट्रिय प्राथमिकताभन्दा बाह्य स्वीकृतिलाई प्राथमिकता दिने प्रवृत्ति बढाउन सक्छ। यसलाई विश्व पुँजीवादको केन्द्र-परिधि सम्बन्ध तथा निर्भरता सिद्धान्तका आधारमा आर्थिक निर्भरता मात्र नभई वैचारिक तथा सांस्कृतिक प्रभुत्वका रूपमा समेत विश्लेषण गर्न सकिन्छ । नेपालले वैश्विक पुँजी तथा शक्तिसँग सहकार्य गर्नुपर्छ; तर आफ्नो आर्थिक नीति, प्राकृतिक स्रोत, राजनीतिक निर्णय तथा राष्ट्रिय प्राथमिकतामाथि स्वायत्त नियन्त्रण कायम राख्नुपर्छ । विदेशी पुँजी तथा प्रविधिलाई नयाँ रोजगारी सिर्जना, अन्तर्राष्ट्रिय बजारमा पहुँच, पूर्वाधार विकास, ज्ञान तथा सीप हस्तान्तरणको अवसरका रूपमा उपयोग गर्नुपर्छ । नेपाल वैश्विक शक्तिबाट अलग

हुने होइन; समानता, पारस्परिक सम्मान तथा राष्ट्रिय हितका आधारमा वैश्विक सम्बन्ध व्यवस्थापन गर्ने नीति लिनुपर्छ। स्वदेशी उत्पादनको प्रवर्द्धन, सन्तुलित परराष्ट्र नीति तथा वैदेशिक सहायता र ऋणका सर्तहरूको पुनरावलोकन आवश्यक छ।

**७.१. नेपालको आर्थिक संकट र रूपान्तरणको दिशा :**

नेपालको अर्थतन्त्र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण अर्थात वैदेशिक रोजगारीबाट आर्जन गरेको पैसा (Remittance) तथा वैदेशिक सहायतामा उल्लेख्य रूपमा निर्भर रहेको छ। यसले आन्तरिक उत्पादन, रोजगारी सिर्जना तथा आत्मनिर्भर आर्थिक संरचना निर्माणमा गम्भीर चुनौती उत्पन्न गरेको छ। ठूलो सङ्ख्यामा रोजगारी सिर्जना गर्ने प्रतिबद्धता पूरा गर्नु सरकारका लागि महत्वपूर्ण चुनौती हो। नेपालका प्रमुख आर्थिक समस्याहरू निम्न छन् ।

१. उत्पादन तथा उत्पादकत्वको न्यून स्तर;
२. व्यापार घाटा र आयातमा अत्यधिक निर्भरता;
३. बेरोजगारी तथा वैदेशिक रोजगारीमा अत्यधिक निर्भरता;
४. कमजोर औद्योगिकीकरण;
५. सरकारी खर्चको कमजोर गुणस्तर;
६. कमजोर तथा अस्थिर राजस्व प्रणाली;
७. कृषि क्षेत्रमा विद्यमान संरचनागत समस्या;
८. लगानीमैत्री तथा व्यावसायिक वातावरणको अभाव;
९. बैंक तथा वित्तीय क्षेत्रमा बढ्दो जोखिम;
१०. कमजोर पूर्वाधार तथा ऊर्जा क्षेत्र;
११. क्षेत्रीय तथा सामाजिक-आर्थिक असमानता;
१२. आर्थिक वृद्धिको कमजोर आधार।

यसर्थ नेपालको आर्थिक संकटलाई 'उत्पादन कम, आयात बढी; स्वदेशी रोजगारी कम, वैदेशिक रोजगारीमा निर्भरता बढी; पुँजीगत खर्च कमजोर, अनुत्पादक खर्चको दबाब बढी' भन्ने संरचनागत समस्याका रूपमा बुझ्न सकिन्छ।

**७.२ आर्थिक रूपान्तरणको रणनीतिक दिशा :** नेपालको अर्थतन्त्रलाई दिगो र उत्पादनमुखी बनाउन कृषि आधुनिकीकरण, औद्योगिकीकरण, ऊर्जा उत्पादन तथा उपयोग विस्तार, पर्यटन प्रवर्द्धन, निर्यात वृद्धि, स्वदेशी रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा निजी-सार्वजनिक लगानीको विस्तारमा जोड दिनुपर्छ। यसका साथै सुशासन र भ्रष्टाचार नियन्त्रण, प्रभावकारी पुँजीगत खर्च, लगानीमैत्री वातावरण, वित्तीय क्षेत्रको स्थायित्व, उत्पादन तथा उत्पादकत्व वृद्धि र समावेशी आर्थिक विकासलाई प्राथमिकतामा राख्नुपर्छ।

सरकार परिवर्तन भन्दा शासन प्रणालीको सुधार, उपभोक्ता भन्दा उत्पादन, आयात भन्दा निर्यात, वैदेशिक निर्भरता भन्दा आत्मनिर्भरता र नारा भन्दा परिणाम्मुखी कार्यान्वयनलाई प्राथमिकता दिनुपर्छ।

उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र, कृषि तथा औद्योगिक रूपान्तरण, स्वदेशी रोजगारी सिर्जना, निर्यात प्रवर्द्धन, ऊर्जा तथा पर्यटन विकास, **सामाजिक न्यायसहितको समावेशी आर्थिक वृद्धि र प्रभावकारी सुशासन** नेपालको दीर्घकालीन विकास तथा समृद्धिको आधार बन्न सक्छ।

**८. नेपालका प्रमुख राष्ट्रिय मुद्दाहरू :**

नेपालका समकालीन राष्ट्रिय मुद्दाहरूलाई राजनीतिक, आर्थिक, सामाजिक तथा राष्ट्रिय हितका दृष्टिकोणबाट हेर्दा राजनीतिक अस्थिरता, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, संविधान संशोधन, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक विकास, युवा बेरोजगारी तथा विदेश पलायन, सामाजिक

विभेद र असमानता, जलवायु परिवर्तन तथा वातावरणीय सुरक्षा, शिक्षा-स्वास्थ्य, कृषि तथा खाद्य सुरक्षा, ऊर्जा तथा पूर्वाधार विकास र डिजिटल शासनलगायतका विषयहरू प्रमुख रूपमा देखिन्छन् । यीमध्ये सुशासन, आर्थिक उत्पादन तथा समृद्धि, युवा रोजगारी, भ्रष्टाचार नियन्त्रण, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, जलवायु तथा पर्यावरणीय सुरक्षा, समावेशिता र सामाजिक न्याय वर्तमान नेपालको दीर्घकालीन भविष्यसँग जोडिएका निर्णायक राष्ट्रिय मुद्दाहरू हुन् । प्रमुख राष्ट्रिय मुद्दाहरू निम्नबमोजिम रहेका छन् ।

८.१ **सङ्घीयताको प्रभावकारी कार्यान्वयन :** सङ्घीयता नेपालको राजनीतिक रूपान्तरणको महत्वपूर्ण उपलब्धि हो । तर सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी तथा स्रोत-साधनको स्पष्ट र न्यायपूर्ण बाँडफाँट हुन नसक्दा यसको अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन । प्रदेशलाई पर्याप्त राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकार सम्पन्न बनाई प्रभावकारी, सक्षम र परिणाममुखी बनाउनु आवश्यक छ । स्थानीय तहलाई पनि वास्तविक स्वायत्तता, अधिकार र स्रोत-साधनसहित सम्बन्धित प्रदेशको क्षेत्राधिकारभित्र समन्वयात्मक रूपमा सञ्चालन हुने व्यवस्था गर्नुपर्छ । जनताले प्रत्यक्ष रूपमा सङ्घीयताको लाभ र औचित्य अनुभूति गर्ने अवस्था सिर्जना गर्नु यसको मूल उद्देश्य हुनुपर्छ ।

८.२ **राजनीतिक स्थिरता र लोकतान्त्रिक संस्कार :** बारम्बार सरकार परिवर्तन, राजनीतिक दलहरूभित्रको कमजोर लोकतान्त्रिक संस्कार, आन्तरिक लोकतन्त्रको अभाव तथा राजनीतिक जवाफदेहिताको कमीले राज्य सञ्चालनमा अस्थिरता उत्पन्न गरेको छ । स्थिर, उत्तरदायी र जनमुखी शासन प्रणालीका लागि राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्र, पारदर्शिता र जवाफदेहिता सुदृढ गर्नुपर्छ । साथै प्रशासनिक सुधार, सेवा प्रवाहको प्रभावकारिता तथा सार्वजनिक संस्थाहरूको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिनुपर्छ ।

८.३ **संविधान संशोधन र संस्थागत सुधार :** सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप प्रभावकारी, समावेशी र जनउत्तरदायी बनाउन संविधानका कतिपय प्रावधानमा आवश्यक संशोधन तथा सुधार गर्नु वर्तमानको महत्वपूर्ण राजनीतिक सवाल हो । संविधानलाई जनताको आकाङ्क्षा, राजनीतिक परिवर्तन र सामाजिक विविधताअनुकूल थप लोकतान्त्रिक तथा समावेशी बनाउँदै लैजानुपर्छ ।

८.४ **भ्रष्टाचार नियन्त्रण र सुशासन :** भ्रष्टाचार, कमिसनतन्त्र, बिचौलियापन, अनियमितता तथा तिनको राजनीतिक संरक्षण नेपालको सुशासनका प्रमुख चुनौती हुन् । भ्रष्टाचार नियन्त्रणका लागि कानूनी तथा संस्थागत संयन्त्रलाई प्रभावकारी, स्वतन्त्र र सक्षम बनाउनुपर्छ । सार्वजनिक संस्थाहरूलाई पारदर्शी, जवाफदेही र जनउत्तरदायी बनाउँदै राज्यका स्रोत-साधनको दुरूपयोग रोक्नुपर्छ । भ्रष्टाचार र दण्डहीनताको अन्त्य गरी विधिको शासनमा आधारित सुशासन कायम गर्नु आवश्यक छ ।

८.५ **आर्थिक विकास, उत्पादन र समृद्धि :** नेपालको अर्थतन्त्रमा न्यून आर्थिक वृद्धि, कमजोर उत्पादन क्षमता, आयातमा उच्च निर्भरता तथा विप्रेषण (Remittance) मा अत्यधिक निर्भरता प्रमुख चुनौतीका रूपमा रहेका छन् । विप्रेषणमा आएको कमी वा बाह्य आर्थिक तथा भू-राजनीतिक संकटले उपभोग तथा सेवा क्षेत्रमा प्रत्यक्ष असर पार्न सक्ने भएकाले अर्थतन्त्रलाई उत्पादनमुखी र आत्मनिर्भर दिशातर्फ लैजान आवश्यक छ । कृषि, उद्योग, पर्यटन, जलविद्युत, सूचना प्रविधि तथा अन्य उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्दै निजी क्षेत्र, सहकारी तथा उद्यमशीलताको विकास गर्नुपर्छ । राष्ट्रिय पूँजी निर्माण, रोजगारी सिर्जना र उत्पादन वृद्धि आर्थिक नीतिको केन्द्रमा हुनुपर्छ ।

८.६ **युवा बेरोजगारी र विदेश पलायन :** ठूलो सङ्ख्यामा नेपाली युवा रोजगारी तथा अवसरको खोजीमा विदेश जान बाध्य भइरहेका छन् । यसले देशको श्रमशक्ति, उत्पादन प्रणाली र सामाजिक संरचनामा दीर्घकालीन असर पारिरहेको छ । स्वदेशमै गुणस्तरीय रोजगारी सिर्जना, सीप तथा प्राविधिक शिक्षाको विस्तार, उद्यमशीलताको प्रवर्द्धन र युवा लक्षित उत्पादनमूलक कार्यक्रममार्फत विदेश

पलायनलाई न्यूनीकरण गर्नुपर्छ । युवालाई देशको आर्थिक तथा सामाजिक रूपान्तरणको प्रमुख शक्तिका रूपमा परिचालन गर्नुपर्छ ।

८.७ **गरिबी, असमानता, सामाजिक न्याय र विभेद :** दलित, महिला, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत र ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायमाथिको विभेद, असमानता र उत्पीडन अझै पूर्ण रूपमा अन्त्य हुन सकेको छैन । वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक असमानता अन्त्य गर्दै सबै नागरिकलाई राज्यका अवसर, स्रोत-साधन, शिक्षा, स्वास्थ्य, रोजगारी तथा राजनीतिक सहभागितामा समान पहुँच सुनिश्चित गर्नुपर्छ । सामाजिक सुरक्षा प्रणालीलाई अझ प्रभावकारी, लक्षित र दिगो बनाउनुपर्छ ।

८.८ **जलवायु परिवर्तन, जलस्रोत र वातावरणीय सुरक्षा :** जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हिउँ तथा हिमनदीमा आएको परिवर्तन, नदी प्रणालीमा देखिएका असामान्य अवस्था तथा मधेशमा भूमिगत जलस्तर घट्दै जानु नेपालको दीर्घकालीन राष्ट्रिय जोखिमका विषय हुन् । यसका साथै बाढी, पहिरो, भूकम्प, डढेलो तथा अन्य जलवायुजन्य विपद्का जोखिम बढिरहेका छन् । हिमाल, वन, नदी तथा जलस्रोतको संरक्षण गर्दै प्राकृतिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्नुपर्छ । विपद् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन, वातावरणीय संरक्षण तथा स्थानीय समुदायको सहभागितालाई राष्ट्रिय विकास नीतिको अभिन्न अङ्ग बनाउनुपर्छ ।

८.९ **समावेशी लोकतन्त्र र समानुपातिक प्रतिनिधित्व :** महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, खस, पिछडावर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समुदायको राज्यका सबै तह र संरचनामा अर्थपूर्ण तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ । लोकतन्त्रलाई केवल आवधिक निर्वाचनमा सीमित नराखी सहभागितामूलक, उत्तरदायी र जनकेन्द्रित बनाउन आवश्यक छ । राजनीतिक लोकतन्त्रलाई सामाजिक तथा आर्थिक लोकतन्त्रसँग जोड्दै वास्तविक समानता र सहभागितामा आधारित लोकतान्त्रिक व्यवस्था निर्माण गर्नुपर्छ ।

८.१० **कृषि तथा खाद्य सुरक्षा :** कृषिमा आत्मनिर्भरता बढाउँदै कृषि आयात घटाउनु राष्ट्रिय प्राथमिकता हुनुपर्छ । कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरण गर्दै किसानलाई गुणस्तरीय बीउ, मल, प्रविधि, सहुलियतपूर्ण कृषि ऋण, सिंचाइ तथा बजारको सुनिश्चितता गर्नुपर्छ । कृषि उपजको उचित मूल्य निर्धारण तथा किसानको उत्पादनको सुनिश्चित बजारीकरणका लागि प्रभावकारी नीति तथा संस्थागत व्यवस्था आवश्यक छ ।

८.११ **शिक्षा र स्वास्थ्य सुधार :** गुणस्तरीय, सर्वसुलभ र सार्वजनिक शिक्षा तथा स्वास्थ्य सेवाको विस्तार गर्नुपर्छ। शिक्षा र रोजगारीबीचको सम्बन्धलाई बलियो बनाउँदै प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न आवश्यक छ। स्वास्थ्य सेवामा राज्यको जिम्मेवारी बढाउँदै सबै नागरिकलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्छ ।

८.१२ **जलविद्युत, ऊर्जा तथा पूर्वाधार विकास :** नेपालको जलस्रोतलाई राष्ट्रिय हितमा अधिकतम उपयोग गर्दै जलविद्युत उत्पादन तथा निर्यातको क्षमता विस्तार गर्नुपर्छ। सडक, रेल, सिंचाइ, विमानस्थल, खानेपानी तथा डिजिटल पूर्वाधारको योजनाबद्ध विकास आवश्यक छ। पूर्वाधार निर्माणमा पारदर्शिता, गुणस्तर, लागत नियन्त्रण र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ ।

८.१३ **डिजिटल शासन तथा सूचना प्रविधि :** सूचना प्रविधिको विकासलाई आर्थिक तथा सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यमका रूपमा उपयोग गर्नुपर्छ । सरकारी सेवा प्रवाहलाई क्रमशः डिजिटल बनाउँदै डिजिटल अधिकार, व्यक्तिगत गोपनीयता तथा साइबर सुरक्षाको प्रभावकारी संरक्षण गर्नुपर्छ । डिजिटल अर्थतन्त्र, सूचना प्रविधिमा आधारित उद्यम तथा रोजगारीका अवसर विस्तार गर्न राज्यले आवश्यक पूर्वाधार, नीति र लगानीको वातावरण निर्माण गर्नुपर्छ ।

८.१४ **मिटरब्याज : समस्या र समाधानः** अत्यधिक ब्याजदरमा ऋण दिने, ऋणीको सम्पत्ति वा जग्गा कब्जा गर्ने, तमसुक वा कागजातको दुरूपयोग गर्ने तथा ऋणीलाई आर्थिक र सामाजिक रूपमा

शोषण गर्ने प्रवृत्तिलाई सामान्यतः 'मिटरब्याज' भन्ने गरिन्छ । यसले विशेषगरी गरिब, किसान, साना व्यवसायी तथा आर्थिक रूपमा कमजोर परिवारलाई बढी प्रभावित गरेको छ । **समस्याका प्रमुख कारणहरू-**

१. बैंक तथा वित्तीय संस्थामा पहुँच सीमित हुनु ।

२. धितो, कागजात तथा जटिल प्रक्रियाका कारण औपचारिक ऋण लिन कठिन हुनु ।

३. गरिबी, बेरोजगारी तथा आकस्मिक आर्थिक आवश्यकता हुनु ।

४. वित्तीय साक्षरताको कमी हुनु ।

५. कानुनको कमजोर कार्यान्वयन हुनु ।

**मुख्य समस्याहरू-**

१. चर्को तथा अस्वाभाविक ब्याजदर ।

२. ब्याजमाथि ब्याज थपिँदै जाने अवस्था ।

३. नक्कली वा अनुचित तमसुक तथा कागजात बनाउने ।

४. ऋणीको जग्गा तथा सम्पत्ति हडप्ने ।

५. धम्की, दबाब तथा सामाजिक शोषण ।

६. कमजोर कानुनी पहुँचका कारण पीडितले न्याय पाउन कठिन हुनु ।

**असरहरू-**

१. ऋणीहरू ऋणको दुष्चक्रमा फस्ने ।

२. घर, जग्गा तथा सम्पत्ति गुमाउनुपर्ने अवस्था सिर्जना हुने ।

३. मानसिक तनाव तथा पारिवारिक विघटन बढ्ने ।

४. कतिपय अवस्थामा आत्महत्यासम्मका दुःखद घटना हुने ।

**समाधानका उपायहरू-**

**१. कानुनी सुधार तथा कार्यान्वयनः** ऋण तथा ब्याजसम्बन्धी कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै अवैध साहू-महाजनविरूद्ध कडा कारबाही गर्ने ।

**२. वित्तीय पहुँच विस्तारः** लघुवित्त, सहकारी तथा बैंकिङ सेवा गाउँ-गाउँसम्म विस्तार गरी सरल प्रक्रियाबाट साना तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने ।

**३. वित्तीय साक्षरताः** ग्रामीण जनतालाई बचत, ऋण, ब्याजदर तथा वित्तीय जोखिमसम्बन्धी जानकारी प्रदान गर्ने ।

**४. सरकारी अनुदान तथा सहुलियत कार्यक्रमः** गरिब तथा विपन्न परिवारका लागि न्यून ब्याजदरमा ऋण तथा आवश्यक आर्थिक सहायता उपलब्ध गराउने ।

**५. स्थानीय सरकारको भूमिकाः** स्थानीय तहमा उजुरी सुन्ने संयन्त्र तथा प्रभावकारी अनुगमन प्रणाली निर्माण गर्ने ।

**६. निष्पक्ष छानबिनः** पीडितको अनुचित ऋण, तमसुक तथा लेनदेनको निष्पक्ष छानबिन गरी वास्तविक साँवा तथा ब्याज निर्धारण गर्ने ।

**७. निःशुल्क कानुनी सहायताः** पीडितलाई निःशुल्क कानुनी सहायता तथा शीघ्र न्याय उपलब्ध गराउने ।

मिटरब्याजी समस्या केवल ऋणको समस्या होइन; यो आर्थिक शोषण तथा सामाजिक न्यायको प्रश्न पनि हो । यो समस्या शोषणकारी ऋण प्रणाली तथा कानुनी कमजोरीको परिणाम हो । औपचारिक वित्तीय पहुँचको विस्तार तथा कानुनको प्रभावकारी कार्यान्वयन नै यसको दीगो समाधान हो । सस्तो संस्थागत कर्जा, रोजगारी तथा सामाजिक सुरक्षाको विस्तारमार्फत मिटरब्याजको समस्या न्यूनीकरण गर्न सकिन्छ ।

**९. जसपा, नेपालको सैद्धान्तिक एवं वैचारिक अवधारणा र लक्ष्यः**

जनता समाजवादी पार्टी, नेपालको पार्टी घोषणा-पत्रमा अभिव्यक्त राजनीतिक दृष्टिकोणलाई समानता, स्वतन्त्रता, सम्पन्नता, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र, सामाजिक न्याय तथा समाजवादी लोकतन्त्रका मूल मान्यतासँग जोडेर बुझ्न सकिन्छ । यसको मूल लक्ष्य **नेपालमा समानता, स्वतन्त्रता, समृद्धि र सामाजिक न्यायमा आधारित समतामूलक सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था** निर्माण गर्नु हो ।

नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुराष्ट्रिय विविधतालाई सम्मान गर्दै सबै समुदायको पहिचान, समान सम्मान, समान अधिकार र समान अवसर सुनिश्चित गर्नुपर्छ । राज्यका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनामा जनसङ्ख्याको विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक तथा अर्थपूर्ण प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्दै समृद्ध, न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु पार्टीको वैचारिक लक्ष्य हो ।

## १०. जसपा, नेपालका प्रमुख सैद्धान्तिक पक्षहरू

**१०.१ सङ्घीय लोकतान्त्रिक गणतन्त्र :** सङ्घीय लोकतान्त्रिक गणतन्त्रको दृढ रक्षा गर्दै यसलाई संस्थागत, प्रभावकारी र जनउत्तरदायी बनाउनु हाम्रो प्रमुख राजनीतिक प्रतिबद्धता हो । सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी तथा स्रोत-साधनको स्पष्ट र न्यायपूर्ण बाँडफाँट हुनुपर्छ । प्रदेशलाई स्वशासन सहित पर्याप्त राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकार सम्पन्न बनाउँदै स्थानीय तहलाई वास्तविक स्वायत्तता र अधिकार प्रदान गर्नुपर्छ ।

**१०.२ समावेशी लोकतन्त्रः** समाजका सबै जात, जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, क्षेत्र तथा सीमान्तीकृत समुदायलाई राज्यसत्ता, शासन र निर्णय प्रक्रियामा समान अवसर र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने लोकतान्त्रिक व्यवस्था हुनुपर्छ । जसको मुख्य उद्देश्य विभेद अन्त्य, समान प्रतिनिधित्व, सामाजिक न्याय र समान अवसर सुनिश्चित गर्नु हो । राज्यका सबै तह, निकाय र संरचनामा महिला, मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक तथा अन्य समुदायको समान अधिकार, अवसर र समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ । **समावेशी लोकतन्त्र हाम्रो राजनीतिक एजेण्डाको केन्द्रमा रहेको छ ।**

**१०.३ सामाजिक न्याय :** सामाजिक न्याय भनेको समाजका आधारभूत संस्था, अधिकार, अवसर तथा स्रोत-साधनको निष्पक्ष र न्यायपूर्ण व्यवस्था हो । यसले प्रत्येक व्यक्तिलाई समान आधारभूत स्वतन्त्रता र निष्पक्ष अवसर सुनिश्चित गर्नुका साथै सबैभन्दा कमजोर तथा पछाडि पारिएका वर्ग र समुदायको हितलाई विशेष प्राथमिकता दिन्छ । सामाजिक न्यायको मूल उद्देश्य समाजमा विद्यमान असमानता तथा अन्याय घटाउँदै मानव स्वतन्त्रता, क्षमता र अवसरको विस्तार गर्नु हो । सामाजिक न्यायका प्रमुख सिद्धान्तहरू निम्न छन् :

*क) समान आधारभूत स्वतन्त्रताको सिद्धान्तः* प्रत्येक व्यक्तिलाई अरू सबै नागरिकसरह समान रूपमा आधारभूत स्वतन्त्रताको अधिकार हुनुपर्छ । यसअन्तर्गत अभिव्यक्ति तथा विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, राजनीतिक सहभागिताको अधिकार, कानुनी समानता तथा व्यक्तिगत स्वतन्त्रता आदि पर्दछन् ।

*ख) निष्पक्षताको रूपमा न्यायः* समाजका आधारभूत संस्था, अधिकार तथा अवसरहरू निष्पक्ष ढंगले वितरण हुनुपर्छ । जन्म, वर्ग, वर्ण, जात, सम्पत्ति वा पारिवारिक पृष्ठभूमिका कारण कसैलाई अनुचित लाभ वा बेफाइदा हुनु न्यायसंगत हुन सक्दैन ।

*ग) समान अवसरः* सबैलाई केवल कानुनी रूपमा समान अवसर प्रदान गरेर मात्र पुग्दैन । शिक्षा, स्वास्थ्य, रोजगारी तथा राजनीतिक सहभागितामा वास्तविक र निष्पक्ष अवसर सुनिश्चित गर्नुपर्छ ।

नेपालको सन्दर्भमा सामाजिक न्याय भन्नाले जात, जाति, वर्ग, वर्ण, लिङ्ग, क्षेत्र, भाषा वा समुदायका आधारमा पछाडि पारिएका नागरिकलाई समान मौलिक अधिकार तथा नागरिक स्वतन्त्रता सुनिश्चित गर्नु, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवनका लागि वास्तविक समान अवसर र आवश्यक क्षमता प्रदान गर्नु तथा राज्यका स्रोत-साधन र अवसरको वितरण गर्दा सबैभन्दा पछाडि परेका समुदायको हितलाई प्राथमिकता दिनु हो । समानता र सामाजिक न्यायलाई राष्ट्रिय विकासको आधार बनाउनुपर्छ । सामाजिक न्यायसम्बन्धी नीति निर्माण गर्दा ऐतिहासिक रूपमा बहिष्करणमा परेका वा पारिएका सीमान्तीकृत समुदाय–मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, खस, मुस्लिम, पिछडावर्ग, पिछडिएको क्षेत्र, विपन्न वर्ग तथा अन्य सीमान्तीकृत समूहको वास्तविक अवस्था र अवसरमा सुधार ल्याउन विशेष महत्व दिनुपर्छ ।

**१०.४ आर्थिक न्याय :** सबै व्यक्तिलाई आफ्नो आर्थिक अवस्था, जाति, लिङ्ग वा पृष्ठभूमिका आधारमा कुनै पनि विभेद नगरी आधारभूत आवश्यकता–खाना, आवास, स्वास्थ्य र शिक्षा पूरा गर्ने अधिकार सुनिश्चित गर्ने । सबैलाई उचित ज्याला, सम्मानजनक रोजगारी तथा काम गर्ने समान अवसर र सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने । बालश्रम, जातीय छुवाछूत, महिला हिंसा, श्रम शोषण तथा अन्य कुनै पनि प्रकारका आर्थिक र सामाजिक विभेदको अन्त्य गर्दै सम्मानजनक जीवनयापन गर्न सक्ने समतामूलक समाज निर्माण गर्ने । आर्थिक असमानता तथा संरचनागत विभेद न्यूनीकरण गर्दै सबै नागरिकलाई आर्थिक अवसर र स्रोत-साधनमा समान तथा न्यायोचित पहुँच सुनिश्चित गर्ने र सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई आर्थिक रूपमा समावेशी, न्यायपूर्ण र जनमुखी बनाउने । विशेषगरी मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारू, खस, पिछडावर्ग, मुस्लिमलगायत अन्य अल्पसंख्यक तथा उत्पीडित समुदाय, पिछडिएका तथा दुर्गम क्षेत्रका नागरिक, आर्थिक रूपमा कमजोर समुदाय र विपन्न वर्गलाई शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यम, भूमि तथा राज्यका आर्थिक स्रोत-साधनमा न्यायोचित अवसर र पहुँच सुनिश्चित गर्ने । आर्थिक स्रोत-साधनको न्यायपूर्ण वितरणमार्फत सबै नागरिकलाई समान अवसर, सामाजिक सुरक्षा र सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्ने

**१०.५ महिला मुक्ति तथा लैङ्गिक समानता :** महिला तथा लैङ्गिक न्याय सामाजिक न्याय, समानता र लोकतान्त्रिक रूपान्तरणको अभिन्न आधार हो । व्यक्तिको लिङ्ग, लैङ्गिक पहिचान वा लैङ्गिक भूमिकाका आधारमा गरिने कुनै पनि प्रकारको विभेद, बहिष्करण, हिंसा वा असमान व्यवहार स्वीकार्य हुन सक्दैन । विद्यमान लैङ्गिक विभेदले विशेषतः महिला तथा लैङ्गिक अल्पसंख्यकको शिक्षा, रोजगारी, समान पारिश्रमिक, सम्पत्तिमाथिको अधिकार, स्वास्थ्य, सामाजिक सुरक्षा, राजनीतिक सहभागिता तथा नीति-निर्माण र निर्णय प्रक्रियामा समान पहुँचलाई प्रभावित गर्दै आएको छ । यसर्थ, लैङ्गिक समानता र न्यायलाई राज्यको मूल नीतिका रूपमा स्थापित गर्दै संविधान तथा प्रचलित कानुनले सुनिश्चित गरेका समान अधिकारको प्रभावकारी कार्यान्वयन गरिनेछ । महिला तथा लैङ्गिक अल्पसंख्यकको शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सम्पत्ति तथा स्रोत-साधनमाथिको समान पहुँच सुनिश्चित गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरणलाई प्राथमिकता दिइनेछ ।

महिला र पुरुषबीच समान अवसर, समान कामका लागि समान पारिश्रमिक तथा सम्मानजनक श्रमको सुनिश्चितता गरिनेछ । राज्यका सबै तह र संरचनामा महिलाको सार्थक, समानुपातिक तथा प्रभावकारी राजनीतिक सहभागिता र नेतृत्व सुनिश्चित गर्दै नीति-निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्वलाई थप सुदृढ गरिनेछ । लैङ्गिक हिंसा, घरेलु हिंसा, यौन हिंसा, शोषण, विभेद तथा सबै प्रकारका लैङ्गिक दुर्व्यवहारको अन्त्यका लागि प्रभावकारी कानुनी, संस्थागत तथा सामाजिक

संयन्त्र निर्माण र कार्यान्वयन गरिनेछ। हिंसापीडित तथा प्रभावित व्यक्तिको संरक्षण, न्यायमा सहज पहुँच, पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरणका लागि राज्यका संयन्त्रलाई थप सक्षम र उत्तरदायी बनाइनेछ। लैङ्गिक समानता केवल कानुनी प्रावधानमा सीमित नरही सामाजिक व्यवहार र संस्कृतिमै स्थापित गर्न शिक्षा, जनचेतना, सार्वजनिक अभियान तथा सामाजिक रूपान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ । पितृसत्तात्मक सोच, रूढिवादी सामाजिक मान्यता तथा लैङ्गिक भूमिकामा आधारित विभेदकारी अभ्यासको अन्त्य गर्दै सम्मान, समानता, स्वतन्त्रता र न्यायमा आधारित समतामूलक समाज निर्माण गरिनेछ । महिलालाई पुरुषसरह राजनीतिक, आर्थिक र सामाजिक अधिकार तथा अवसर सुनिश्चित गर्नुपर्छ । लैङ्गिक समानता र न्यायलाई व्यवहारमै सुनिश्चित गर्दै महिला तथा लैङ्गिक अल्पसंख्यकको सम्मान, अधिकार, अवसर, प्रतिनिधित्व र नेतृत्वको ग्यारेन्टी गर्ने नीति अवलम्बन गरिनेछ ।

**१०.६ जलवायु न्यायः** जलवायु परिवर्तनका कारण उत्पन्न हुने सामाजिक, आर्थिक तथा वातावरणीय समस्याहरूको समाधान गर्दा न्याय, समानता तथा उत्तरदायित्व सुनिश्चित गर्ने अवधारणालाई जलवायु न्याय भनिन्छ। यसले जलवायु संकटबाट प्रभावित समुदायको अधिकार र सबैभन्दा बढी हरितगृह ग्यास उत्सर्जन गर्ने पक्षको जिम्मेवारीलाई जोड दिन्छ। नेपालले विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा अत्यन्त न्यून योगदान गरे पनि जलवायु परिवर्तनको असर भने गम्भीर रूपमा भोगिरहेको छ । हिमाल पग्लिनु, हिमताल विस्फोट, अनियमित वर्षा, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपत्तिका कारण नेपाली जनताले आफूले नगरेको समस्याको ठूलो मूल्य चुकाउनुपरेको छ। हिमाली समुदायको जीवन, संस्कृति तथा जीविकोपार्जनको संरक्षण जलवायु न्यायको महत्वपूर्ण हिस्सा हो । त्यसैले बढी हरितगृह ग्यास उत्सर्जन गर्ने धनी तथा औद्योगिक देशहरूले जलवायु क्षतिपूर्तिमा आफ्नो ऐतिहासिक जिम्मेवारी बहन गर्नुपर्छ । विकसित देशहरूले ऐतिहासिक रूपमा ठूलो मात्रामा हरितगृह ग्यास उत्सर्जन गरेका छन् । नेपालजस्ता कम उत्सर्जन गर्ने तर जलवायु जोखिममा रहेका देशले जलवायु वित्त, प्रविधि हस्तान्तरण तथा क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सहयोग र जलवायु न्याय प्राप्त गर्नुपर्छ । हिमालदेखि मधेशसम्म जोखिममा रहेका समुदायको अधिकार तथा जीविकोपार्जनको संरक्षण, समान अवसर, क्षतिपूर्ति, समावेशी निर्णय प्रक्रिया तथा अन्तर्राष्ट्रिय जलवायु उत्तरदायित्व सुनिश्चित गर्न आवश्यक छ ।

जलवायु परिवर्तनको असर नेपालका महिला, दलित, किसान, गरिब तथा सीमान्तीकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा मधेशी समुदायमा तुलनात्मक रूपमा बढी पर्न सक्छ। ग्रामीण तथा सीमान्तीकृत समुदायसँग जलवायु परिवर्तनसँग अनुकूलन गर्ने साधन तथा स्रोत सीमित भएकाले उनीहरू थप जोखिममा छन् । त्यसैले नेपालको जलवायु नीति केवल वातावरण संरक्षणमा सीमित नभई जलवायु न्याय, सामाजिक न्याय, आर्थिक समानता, जीविकोपार्जनको संरक्षण तथा सीमान्तीकृत समुदायको अधिकारसँग जोडिएको समग्र नीतिका रूपमा विकास गर्न आवश्यक छ ।

**१०.७ समान नागरिकता र समान अधिकार :** जात, जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र वा समुदायका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्दै सबै नागरिकलाई समान नागरिकता, समान अधिकार र समान अवसर सुनिश्चित गर्नुपर्छ ।

**१०.८ समाजवादः** समाजमा आर्थिक तथा सामाजिक समानता कायम गर्दै उत्पादनका साधन र स्रोतको न्यायपूर्ण वितरण गर्ने राजनीतिक-आर्थिक विचारधारा नै समाजवाद हो। समाजवादलाई समानता, लोकतन्त्र, स्वतन्त्रता, सामाजिक न्याय, आर्थिक न्याय र सम्मानजनक जीवनको सुनिश्चिततासँग जोडेर बुझ्नुपर्छ। उत्पादन, वितरण र स्रोत-साधनको न्यायपूर्ण वितरण तथा व्यवस्थापनमार्फत आर्थिक असमानता घटाउँदै सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा र समान अवसरमा पहुँच सुनिश्चित गर्नु **समाजवादी लोकतन्त्र**को उद्देश्य हो। समाजवादको लक्ष्य केवल सत्ता परिवर्तन होइन, समाजको संरचना मै परिवर्तन ल्याउनु हो। **समानता, स्वतन्त्रता, सामाजिक न्याय र सामूहिक समृद्धि नै समाजवादका मूल आधार हुन।**

समाजवादी लोकतन्त्र उत्पादनमुखी अर्थतन्त्र, सामाजिक न्यायमा आधारित र सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीचको सहकार्यमा आधारित मिश्रित अर्थव्यवस्थाको पक्षधर हुन्छ। यसको उद्देश्य केवल राज्यको नियन्त्रण विस्तार गर्नु होइन; लोकतन्त्र, व्यक्तिगत स्वतन्त्रता, राजनीतिक बहुलवाद, सामाजिक सुरक्षा, अवसरको समानता र न्यायपूर्ण आर्थिक व्यवस्थाको निर्माण गर्नु हो। **लोकतन्त्रमा जनसत्ता, अर्थतन्त्रमा सामाजिक न्याय, समाजमा समानता र समतामुलक समृद्धि नै हाम्रो समाजवाद उन्मूख व्यवस्थाको सार हो।**

नेपालको समाजवाद हाम्रो समाजको परम्परा, सामुदायिक जीवनका मूल्य, समानता, सामाजिक न्याय र सामूहिक हितका आधारभूत मान्यतालाई आधुनिक समाजवादी विचारसँग जोड्ने राजनीतिक तथा सामाजिक-आर्थिक अवधारणा हो। हाम्रो समाजवाद युरोपेली समाजवादको नक्कल वा यान्त्रिक अनुकरण नभई नेपालको आफ्नै सामाजिक, सांस्कृतिक, आर्थिक तथा ऐतिहासिक परिस्थितिमा आधारित मौलिक समाजवादको विकास र अभ्यास हो। यसले समानता, सामाजिक न्याय, सामूहिक हित, लोकतान्त्रिक मूल्य र न्यायपूर्ण राष्ट्रिय विकासलाई केन्द्रमा राख्दै समाज रूपान्तरणको स्पष्ट दिशानिर्देश गर्दछ।

नेपालको विशिष्ट यथार्थको वैज्ञानिक विश्लेषण, वस्तुगत अध्ययन र तथ्यमा आधारित नीति तथा कार्यक्रममार्फत समतामूलक, समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्नु नै हाम्रो समाजवादको मूल उद्देश्य हो। नेपालको सन्दर्भमा समाजवादको मूल भावना **"सबैका लागि लोकतन्त्र, सबैका लागि समान अवसर, सबैका लागि सामाजिक सुरक्षा र कसैका लागि विभेद होइन"** भन्ने मान्यतामा आधारित हुनुपर्छ।

## १०.९ समाजवादका आधारभूत अवधारणाहरूः

समाजमा समानता, सामाजिक न्याय, स्रोत-साधनको न्यायोचित वितरण तथा सबैका लागि समान अवसर सुनिश्चित गर्नु समाजवादको मुख्य उद्देश्य हो। नेपालको सामाजिक विविधता, लोकतान्त्रिक व्यवस्था, सामाजिक न्याय तथा आर्थिक असमानतालाई ध्यानमा राख्दा नेपालको सन्दर्भमा समाजवादका आधारभूत अवधारणाहरूलाई निम्न रूपमा बुझ्न सकिन्छ :

**१. सामाजिक समानताः** जात, जाति, वर्ग, लिङ्ग, क्षेत्र वा आर्थिक अवस्थाका आधारमा हुने असमानता घटाउँदै समान अधिकार तथा अवसर सुनिश्चित गर्ने। अत्यधिक आय-सम्पत्ति असमानता घटाउने र अवसरको समानता सुनिश्चित गर्ने।

**२. सामाजिक न्यायः** स्रोत, अवसर, अधिकार तथा राज्यका सेवाहरूको न्यायपूर्ण वितरण गर्ने तथा वञ्चित समुदायलाई विशेष अवसर प्रदान गर्ने।

**३. आर्थिक न्याय र समानताः** अत्यधिक सम्पत्ति तथा आयको केन्द्रीकरण घटाउँदै गरिबी, शोषण तथा आर्थिक विभेद कम गर्ने । सम्पत्ति, आय, अवसर र स्रोत-साधनको न्यायपूर्ण वितरण सुनिश्चित गर्ने ।

**४. उत्पादनका साधनमाथि सामाजिक स्वामित्वः** भूमि, प्राकृतिक स्रोत, उद्योग तथा महत्वपूर्ण उत्पादनका साधनमा सार्वजनिक, सामुदायिक, सहकारी वा सामाजिक स्वामित्वको व्यवस्था गर्ने । व्यक्ति भन्दा समुदायको हितलाई प्राथमिकता दिने र स्रोत-साधनमा सामुदायिक भावना विकास गर्ने ।

**५. श्रमको सम्मानः** श्रमलाई केवल बजारमा बिक्री हुने वस्तुका रूपमा होइन, सम्मान तथा अधिकारसहितको सामाजिक योगदानका रूपमा हेर्ने । काम गर्ने अधिकार, उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल र श्रमिकको अधिकार, सामाजिक सुरक्षा, ट्रेड युनियन अधिकार र श्रमिकको सहभागिता सुनिश्चित गर्ने ।

**६. समान अवसरः** शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता तथा आर्थिक उन्नतिमा सबैलाई समान अवसर उपलब्ध गराउने ।

**७. समाजिक लोकतन्त्रः** लोकतन्त्र, मानव अधिकार, नागरिक स्वतन्त्रता, बहुलवाद तथा विधिको शासन कायम राख्दै सामाजिक-आर्थिक समानताको संयोजन गर्ने ।

**८. सहकारी अर्थतन्त्रः** प्रतिस्पर्धाभन्दा सहकार्य, सामूहिक स्वामित्व तथा साझा लाभमा आधारित आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने । नेपालको समाजवादले पूर्ण रूपमा निजी सम्पत्ति वा बजारलाई अस्वीकार गर्नेभन्दा राज्य, निजी तथा सहकारी क्षेत्रको सहभागितामार्फत अर्थतन्त्र विकास गर्ने नीति अवलम्बन गर्न सक्छ । जलस्रोत, भूमि तथा प्राकृतिक स्रोतमा राज्यको प्रभावकारी भूमिका र नियमन भने कायम रहनुपर्छ ।

**९. उत्पादनमुखी अर्थतन्त्रः** कृषि, उद्योग, पर्यटन, ऊर्जा तथा प्रविधिजस्ता क्षेत्रमा उत्पादन तथा रोजगारी बढाउँदै आत्मनिर्भर र समृद्ध अर्थतन्त्र निर्माण गर्ने । विदेशी निर्भरता घटाउँदै राष्ट्रिय उत्पादन, स्थानीय स्रोत र आफ्नै क्षमताको विकास गर्ने ।

**१०. कल्याणकारी राज्यः** शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बेरोजगारी सहायता, वृद्धभत्ता लगायतका माध्यमबाट नागरिकको न्यूनतम जीवनस्तर सुनिश्चित गर्ने ।

**११. सामाजिक सेवा र सामाजिक सुरक्षाः** बेरोजगारी, वृद्धावस्था, अशक्तता, विपत्ति वा अन्य जोखिममा नागरिकलाई राज्यको संरक्षण प्रदान गर्ने । शिक्षा, स्वास्थ्य, आवास, रोजगारी तथा समाजिक सुरक्षालाई नागरिकको आधारभूत अधिकारका रुपमा विकास गर्ने ।

**१२. प्रगतिशील कर प्रणालीः** बढी आय तथा सम्पत्ति हुनेले तुलनात्मक रूपमा बढी कर तिर्ने र त्यसबाट सार्वजनिक सेवा तथा सामाजिक न्यायलाई बलियो बनाउने व्यवस्था गर्ने ।

**१३. सार्वजनिक हित:** नाफाभन्दा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाद्य सुरक्षा तथा वातावरणजस्ता सामूहिक हितलाई प्राथमिकता दिने अर्थात् आर्थिक वृद्धि भन्दा नागरिकको जीवनस्तर, गरिमा, शिक्षा, स्वास्थ्य र सामाजिक कल्याणलाई प्राथमिकता दिने ।

**१४. शोषणको अन्त्य:** श्रम, वर्ग, वर्ण, जात, जाति, लिङ्ग वा आर्थिक अवस्थाका आधारमा हुने संरचनात्मक शोषण तथा दमनको अन्त्य गर्ने । मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारू, पिछडावर्ग, खस लगायत अन्य सीमान्तीकृत समुदायमाथिको असमानता, शोषण तथा विभेदको अन्त्य गर्ने । श्रमिक, किसान, मजदूरको श्रमबाट हुने शोषण अन्त्य गर्ने । एक जातीले अर्को जातिको, एक वर्ग वा समूहले अर्को वर्गको शोषण गर्ने व्यवस्थाको अन्त्य गर्ने ।

**१५. जनसहभागिता र सामाजिक साझेदारी:** राज्य तथा अर्थतन्त्रसम्बन्धी निर्णय प्रक्रियामा श्रमिक, किसान, महिला, युवा, सीमान्तीकृत समुदाय तथा आम नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने । सरकार, रोजगारदाता र श्रमिक संगठनबीच सहकार्यबाट श्रम तथा आर्थिक नीति निर्माण गर्ने ।

**१६. समतामूलक समृद्धि:** आर्थिक विकासको प्रतिफल केही सीमित वर्गमा मात्र केन्द्रित नभई समाजका सबै वर्ग तथा समुदायसम्म पुऱ्याउने ।

**१७. मानव अधिकार तथा स्वतन्त्रताको रक्षा :** व्यक्तिगत स्वतन्त्रता, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा मानव मर्यादाको संरक्षण गर्ने । गरिबी, शोषण, विभेद र सामाजिक बहिष्करणबाट मानिसलाई मुक्त गरी सम्मानपूर्वक जीवनयापनको वातावरण निर्माण गर्ने ।

**१८. सुरक्षित बसोबास तथा स्वच्छ वातावरण:** सुरक्षित बसोबास तथा स्वस्थ वातावरणलाई मानव जीवनको आधारभूत अधिकार र समृद्ध जीवनको आवश्यक आधारका रूपमा स्थापित गर्ने । प्रत्येक नागरिकले सुरक्षित, स्वच्छ तथा सुविधासम्पन्न आवास र प्रदूषणमुक्त वातावरणमा बस्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ ।

**१९. राज्यको सक्रिय भूमिका:** बजारले आफैँ सबै समस्या समाधान गर्न सक्दैन । त्यसैले राज्यले पुनर्वितरण, सार्वजनिक सेवा प्रवाह, नियमन तथा नागरिक संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्नुपर्छ ।

समाजवादको मूल विचार स्रोत, अवसर तथा लाभलाई न्यायोचित रूपमा वितरण गर्नु हो । नेपालको सन्दर्भमा यसलाई अझ स्पष्ट रूपमा "सामाजिक लोकतन्त्र/समाजवादी लोकतन्त्र, सामाजिक न्याय, समावेशिता, सहकारी अर्थतन्त्र, सार्वजनिक हित, सामाजिक सुरक्षा तथा समतामूलक समृद्धि" को संयोजनका रूपमा लिन सकिन्छ । यो राजनीतिक लोकतन्त्रलाई सामाजिक तथा आर्थिक समानता, सामाजिक न्याय र जनताको वास्तविक सहभागितासँग जोड्ने लोकतान्त्रिक व्यवस्था हो ।

**१०.१० पहिचान र विविधताको सम्मान :** नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विविधतालाई राज्यको शक्ति र सम्पत्तिका रूपमा स्वीकार गर्नुपर्छ । सबै समुदायको भाषा, संस्कृति,

परम्परा, पहिचान र अधिकारको संरक्षण गर्दै विविधताबीच समानता, सहअस्तित्व र सहकार्यलाई प्रवर्द्धन गर्नुपर्छ ।

**१०.११ धर्मनिरपेक्षता र धाार्मिक सहिष्णुता:** नेपालमा धार्मिक द्वन्द्व समाधान गर्न धार्मिक सहिष्णुता, संवैधानिक धर्मनिरपेक्षता, सामाजिक न्याय तथा कानुनी शासनलाई सँगसँगै बलियो बनाउन आवश्यक छ । नेपाल बहुधार्मिक तथा बहुसांस्कृतिक समाज भएकाले धार्मिक विविधतालाई द्वन्द्वको कारण होइन, राष्ट्रिय एकताको आधारका रूपमा लिनुपर्छ । धार्मिक द्वन्द्व समाधानका उपायहरू-

१. धर्मनिरपेक्षताको प्रभावकारी कार्यान्वयन गर्ने ।
२. अन्तरधार्मिक संवादलाई बढावा दिने ।
३. धार्मिक स्वतन्त्रता तथा समान अधिकार सुनिश्चित गर्ने ।
४. घृणात्मक अभिव्यक्ति तथा अफवाह नियन्त्रण गर्ने ।
५. धर्मको राजनीतिक दुरूपयोग रोक्ने ।
६. शिक्षामा धार्मिक सहिष्णुता तथा बहुलवादका विषय समावेश गर्ने ।
७. आर्थिक तथा सामाजिक असमानता घटाउने ।
८. धार्मिक स्थल तथा चाडपर्वको संरक्षण गर्ने ।
९. स्थानीय तहमा शान्ति संयन्त्र तथा अन्तरधार्मिक समिति निर्माण गर्ने ।
१०. कानुनको निष्पक्ष तथा प्रभावकारी कार्यान्वयन गर्ने ।

बहुलवाद, सहिष्णुता तथा सहअस्तित्वको भावना विकास गर्नुपर्छ । धर्मबीच प्रतिस्पर्धा होइन, समान सम्मान र सहअस्तित्व कायम हुनुपर्छ । धार्मिक विविधतालाई विभाजनको आधार होइन, नेपालको बहुलवादी लोकतन्त्र तथा राष्ट्रिय एकताको शक्तिका रूपमा विकास गर्नु नै धार्मिक द्वन्द्व समाधानको दीर्घकालीन उपाय हो । सबै धर्म, आस्था र विश्वासप्रति समान व्यवहार तथा धार्मिक स्वतन्त्रताको संरक्षण गर्नुपर्छ । धार्मिक तथा साम्प्रदायिक विभेद र द्वन्द्वलाई निरूत्साहित गर्दै सहिष्णुता, सहअस्तित्व र राष्ट्रिय एकतालाई सुदृढ गर्नुपर्छ ।

**१०.१२ सुशासन र भ्रष्टाचार नियन्त्रण :** पारदर्शी, जवाफदेही, जनउत्तरदायी तथा भ्रष्टाचारमुक्त शासन प्रणाली निर्माण गर्नु हाम्रो प्रमुख प्रतिबद्धता हो । सार्वजनिक संस्थाहरूलाई सक्षम, पारदर्शी र उत्तरदायी बनाउँदै राज्यशक्तिको दुरूपयोग, अनियमितता तथा दण्डहीनताको अन्त्य गर्नुपर्छ ।

**१०.१३ राष्ट्रिय एकता र सामाजिक सद्भाव :** विविधताबीच एकता, समानता र सहकार्यका आधारमा राष्ट्रिय एकतालाई सुदृढ गर्नुपर्छ । भाषा, संस्कृति, धर्म तथा समुदायको पहिचानको संरक्षण गर्दै हिमाल, पहाड र मधेशबीच विद्यमान क्षेत्रीय असमानता घटाउनुपर्छ । सबै राष्ट्रिय तथा सामुदायिक पहिचानको सम्मान गर्दै समावेशी र साझा नेपाली राष्ट्रियताको विकास गर्नुपर्छ ।

**१०.१४ स्वतन्त्रता, मानव अधिकार र विधिको शासन :** मौलिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सङ्गठनको स्वतन्त्रता, न्यायिक स्वतन्त्रता तथा विधिको शासनको संरक्षण गर्नुपर्छ । मानव अधिकार र मानव मर्यादालाई राज्य सञ्चालनको केन्द्रमा राख्दै राज्यशक्तिको दुरूपयोग रोक्न आवश्यक संस्थागत व्यवस्था गर्नुपर्छ ।

**१०.१५ लोकतन्त्र र जनसार्वभौमसत्ता :** बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन तथा जनताको मत र सहभागिताबाट सरकार निर्माण हुने लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्नुपर्छ । जनसार्वभौमसत्तालाई लोकतन्त्रको मूल आधारका रूपमा स्थापित गर्दै राज्य सञ्चालनमा जनताको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ ।

**१०.१६ आर्थिक समानता :** आर्थिक असमानता घटाउँदै सम्पत्ति, स्रोत-साधन तथा अवसरको न्यायपूर्ण वितरण सुनिश्चित गर्नुपर्छ । अशिक्षा, गरिबी र बेरोजगारी न्यूनीकरण गर्दै नागरिकलाई आर्थिक रूपमा सम्मानजनक र आत्मनिर्भर जीवनयापन गर्ने अवसर प्रदान गर्नुपर्छ ।

**१०.१७ मानव अधिकार र व्यक्तिगत स्वतन्त्रता :** अभिव्यक्ति, विचार, सङ्गठन, आस्था तथा राजनीतिक स्वतन्त्रताको संरक्षण गर्दै प्रत्येक व्यक्तिको मानव मर्यादालाई सम्मान गर्नुपर्छ। नागरिक स्वतन्त्रताको रक्षा र राज्यशक्तिको दुरूपयोग नियन्त्रणका लागि प्रभावकारी संस्थागत तथा कानूनी व्यवस्था सुनिश्चित गर्नुपर्छ ।

**१०.१८ लोककल्याणकारी राज्य :** शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा आधारभूत सेवामा राज्यको प्रभावकारी जिम्मेवारी सुनिश्चित गर्नुपर्छ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय, विपन्न तथा कमजोर वर्गको संरक्षण गर्दै **"कसैलाई पछाडि नछोड्ने"** विकास अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्नुपर्छ ।

**१०.१९ श्रमिकको अधिकार र सम्मान :** श्रमिकको उचित ज्याला, सुरक्षित कार्यस्थल, सामाजिक सुरक्षा तथा श्रम अधिकार सुनिश्चित गर्नुपर्छ । श्रम शोषणको अन्त्य गर्दै श्रमिकलाई नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता प्रदान गर्नुपर्छ ।

**१०.२० उत्पादनमुखी र न्यायपूर्ण अर्थतन्त्र :** निजी, सार्वजनिक तथा सहकारी क्षेत्रबीच सहकार्य र समन्वय कायम गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्नुपर्छ । कृषि, उद्योग, पर्यटन, सूचना प्रविधि, ऊर्जा तथा उद्यमशीलताको विकासमार्फत उत्पादन र रोजगारीलाई आर्थिक नीतिको केन्द्रमा राख्नुपर्छ । **राष्ट्रिय पूँजी निर्माण, उत्पादन वृद्धि तथा आर्थिक आत्मनिर्भरतालाई** प्राथमिकता दिनुपर्छ ।

**१०.२१ समानता र स्वतन्त्रताको सन्तुलन :** समाजवादी लोकतन्त्रले आर्थिक समानतालाई मात्र होइन, लोकतन्त्र, नागरिक स्वतन्त्रता, मानव अधिकार तथा राजनीतिक बहुलवादलाई पनि समान रूपमा संरक्षण गर्दछ । समानता र स्वतन्त्रताबीच सन्तुलन कायम गर्दै न्यायपूर्ण लोकतान्त्रिक समाज निर्माण गर्नुपर्छ ।

## ११. पार्टी सङ्गठनको वर्तमान अवस्था र भावी कार्यदिशा :

हाम्रो पार्टीसँग स्पष्ट वैचारिक आधार, सङ्घर्षबाट खारिएका अनुभवी नेतृत्व, लामो राजनीतिक सङ्घर्षको इतिहास तथा जनताको ठूलो हिस्सासँग जोडिएको आधार रहेको छ । तथापि, सङ्गठनात्मक कमजोरी, नेतृत्वबीचको आन्तरिक गुटबन्दी र अविश्वास, नियमित राजनीतिक तथा वैचारिक प्रशिक्षणको अभाव, जनतासँगको कमजोर सम्पर्क र सङ्गठन विस्तारको सुस्त गतिका कारण पार्टीको प्रभावकारितामा अपेक्षित वृद्धि हुन सकेको छैन। यस अवस्थालाई सुधार गर्दै पार्टीलाई सुदृढ, गतिशील, अनुशासित र जनआधारित राजनीतिक सङ्गठनका रूपमा विकास गर्न निम्न कार्यदिशा अवलम्बन गर्नुपर्छ ।

**११.१ सदस्यताको व्यवस्थित अभिलेखीकरण तथा नवीकरण :** पार्टीका सम्पूर्ण सदस्यहरूको डिजिटल तथा व्यवस्थित अभिलेख तयार गरी नियमित रूपमा अद्यावधिक गर्ने । सबै तहमा सङ्गठित पार्टी सदस्यताको नवीकरण तथा नयाँ सदस्यता वितरण अभियान सञ्चालन गर्ने ।

**११.२ बूथदेखि केन्द्रसम्म सुदृढ सङ्गठन निर्माण :** बूथ, वडा, पालिका, जिल्ला, प्रदेश हुँदै केन्द्रसम्म सक्रिय, गतिशील र जिम्मेवार सङ्गठन निर्माण गर्ने । प्रत्येक तहमा स्पष्ट जिम्मेवारी र अधिकारसहितको सङ्गठनात्मक संरचना विकास गर्ने ।

**११.३ नियमित राजनीतिक तथा वैचारिक प्रशिक्षण :** पार्टीका नेता, कार्यकर्ता र सदस्यहरूका लागि नियमित राजनीतिक, वैचारिक, सङ्गठनात्मक तथा समसामयिक विषयमा प्रशिक्षण सञ्चालन गर्ने । पार्टीको विचार, सिद्धान्त र कार्यक्रमलाई सरल र जनमैत्री भाषामा जनतासमक्ष पुऱ्याउने ।

**११.४ युवा नेतृत्वको विकास र परिचालन :** युवालाई राजनीतिक परिवर्तनका प्रमुख शक्तिका रूपमा स्थापित गर्दै पार्टीका विभिन्न तहमा नेतृत्वदायी भूमिका प्रदान गर्ने । युवाको क्षमता, सिर्जनशीलता र प्रविधिमैत्री दक्षताको उपयोग गरी नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्ने ।

**११.५ महिला तथा सीमान्तकृत समुदायको नेतृत्व विकास :** महिलाको सङ्गठनात्मक क्षमता र राजनीतिक सहभागिता अभिवृद्धि गर्ने । महिला नेतृत्वलाई पार्टी नेतृत्व, निर्वाचन उम्मेदवारी, नीति निर्माण, सरकार र सङ्गठन लगायत सबै क्षेत्रमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्छ। महिला, दलित, मधेशी, आदिवासी जनजाति, मुस्लिम, थारू तथा अन्य सीमान्तकृत समुदायको नेतृत्व विकासका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।

**११.६ पार्टीभित्र लोकतान्त्रिक छलफल र निर्णय प्रणाली सुदृढ गर्ने :** पार्टीभित्र स्वस्थ बहस, लोकतान्त्रिक छलफल र सामूहिक निर्णय प्रणालीलाई संस्थागत गर्ने । पार्टी **सङ्गठन**, **सिद्धान्त**, **प्रशिक्षण** र **सङ्घर्ष**का चारसूत्रीय कार्यक्रमलाई पार्टी जीवनमा निरन्तर र व्यापक रूपमा कार्यान्वयन गर्ने ।

**११.७ आर्थिक पारदर्शिता र जवाफदेहिता कायम गर्ने:** पार्टीको आर्थिक स्रोत, आम्दानी तथा खर्चलाई पारदर्शी, व्यवस्थित र विधानअनुकूल बनाउने । आर्थिक अनुशासन तथा जवाफदेहितालाई सबै तहमा प्रभावकारी रूपमा लागू गर्ने ।

**११.८ जनताको दैनिक जीवनका समस्यासँग सङ्गठनलाई जोड्ने :** पार्टी सङ्गठनलाई जनताको दैनिक जीवनसँग प्रत्यक्ष रूपमा जोड्दै शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, भूमि, सामाजिक सुरक्षा, विकास तथा सुशासनलगायतका विषयमा जनताको पक्षमा निरन्तर काम गर्ने ।

**११.९ आधुनिक सञ्चार तथा सूचना प्रविधिको प्रभावकारी प्रयोग :** सामाजिक सञ्जाल तथा आधुनिक सञ्चार माध्यमको प्रभावकारी प्रयोग गर्ने । पार्टीका सदस्य तथा कार्यकर्तालाई आधुनिक विज्ञान र प्रविधि, डिजिटल तथा सामाजिक सञ्जालसँग जोड्दै प्रत्येक सङ्गठनात्मक तहमा सूचना प्रविधि ( आईटी) सेल गठन र परिचालन गर्ने तथा आवश्यक प्रशिक्षण प्रदान गर्ने ।

**११.१० नियमित सङ्गठनात्मक मूल्याङ्कन र कार्यसम्पादन समीक्षा :** सङ्गठनका नियमित गतिविधि, जिम्मेवारी र कार्यसम्पादनको समय-समयमा मूल्याङ्कन तथा समीक्षा गर्ने । पार्टीका सम्पूर्ण सङ्गठनात्मक कार्यहरू विधान, नियमावली तथा पार्टी कार्यपद्धतिअनुकूल हुने गरी बैठक, निर्णय र गतिविधि सञ्चालन गर्ने ।

**११.११ नियमित बैठक र स्पष्ट जिम्मेवारी बाँडफाँट :** प्रत्येक तहका पार्टी सङ्गठनहरूको नियमित बैठक सञ्चालन गर्ने। केन्द्रदेखि वडा तथा बूथ तहसम्म स्पष्ट जिम्मेवारी, अधिकार र उत्तरदायित्वसहितको सङ्गठनात्मक संरचना निर्माण गर्ने ।

**११.१२ नीति, कार्यक्रम र सङ्गठनको निरन्तर समीक्षा तथा सुधार :** पार्टीका नीति तथा कार्यक्रमको समय-समयमा समीक्षा गर्ने, असफलता र कमजोरीबाट सिक्ने संस्कार विकास गर्ने तथा जनताको बदलिँदो चाहना र नयाँ परिस्थितिअनुसार पार्टीलाई रूपान्तरण गर्दै लैजाने । **नीति-आधारित राजनीति गर्ने,** अनुभवी नेतृत्व र नयाँ पुस्ताबीच सन्तुलित सहकार्य कायम गर्ने तथा सङ्गठनमा

गुटबन्दी र व्यक्तिवादी प्रवृत्तिको नियन्त्रण गर्ने । **'नेतामुखि पार्टी होइन - कार्यकर्तामुखि पार्टी; चुनावमुखि पार्टी होइन-जनमुखि पार्टी'** निर्माण गरौं ।

**११.१३ निष्क्रिय सङ्गठनको पुनर्गठन :** निष्क्रिय तथा प्रभावहीन पार्टी समिति र सङ्गठनहरूको नियमित मूल्याङ्कन गरी आवश्यकताअनुसार पुनर्गठन गर्ने । क्रियाशील, सक्षम र प्रतिबद्ध कार्यकर्तालाई सङ्गठनमा उचित जिम्मेवारी प्रदान गर्ने ।

**११.१४ जनतासँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने :** पार्टीलाई जनताको घरदैलोमा पुग्ने राजनीतिक सङ्गठनका रूपमा विकास गर्ने । यसका लागि नियमित जनभेटघाट, गाउँ तथा नगरस्तरीय जनसुनुवाइ, जनताका समस्या सङ्कलन तथा सम्बन्धित निकायमा समाधानका लागि पहल गर्ने । प्रत्येक निर्वाचन क्षेत्रमा स्थानीय समस्या, सम्भावना र समाधानका उपाय समेटिएको दस्तावेज तयार गर्ने ।

**११.१५ कार्यकर्ता संरक्षण, सम्मान र अवसरको न्यायपूर्ण वितरण :** पार्टीका नेता तथा कार्यकर्ताको योगदानको अभिलेख तयार गर्ने । कठिन परिस्थितिमा पार्टी सदस्यलाई कानूनी तथा संस्थागत सहयोग उपलब्ध गराउने । पुराना, त्यागी तथा योगदान गरेका कार्यकर्ताको सम्मान गर्ने र जिम्मेवारी तथा अवसर वितरणमा पारदर्शिता कायम गर्दै गुटगत पक्षपातभन्दा क्षमता, योगदान र सक्रियतालाई प्राथमिकता दिने ।

**११.१६ पार्टी अनुशासन र आचारसंहिता सुदृढ गर्ने :** पार्टीभित्र "बहसमा स्वतन्त्रता, निर्णयमा एकता र कार्यान्वयनमा अनुशासन" को नीति अवलम्बन गर्ने । भ्रष्टाचार, हिंसा, विभेद तथा अनुशासनहीनताप्रति आचारसंहिता तथा पार्टी विधान र नियमावली अनुसार आवश्यक कारबाही गर्ने ।

**११.१७ स्पष्ट वैचारिक तथा राजनीतिक आधार निर्माण गर्ने :** समानता, स्वतन्त्रता, सुशासन, सङ्घीयता, सामाजिक न्याय, समावेशी लोकतन्त्र, सामाजिक लोकतन्त्र, समाजवाद, राष्ट्रिय तथा जातीय मुक्ति आन्दोलन र राष्ट्रिय/जातीय पहिचानका सवाललाई पार्टीको स्पष्ट राजनीतिक दृष्टिकोणका रूपमा स्थापित गर्ने । मधेशसँगै पहाड र हिमालका साथै आदिवासी जनजाति, थारू, दलित, महिला, युवा, मुस्लिम, श्रमजीवी वर्ग, पिछडावर्ग तथा बहिष्करणमा परेका सीमान्तीकृत समुदायका मुद्दालाई राष्ट्रिय एजेण्डासँग जोड्ने ।

**११.१८ राष्ट्रिय, प्रादेशिक तथा स्थानीय मुद्दामा आधारित अभियान सञ्चालन गर्ने :** जनताको तत्कालीन आवश्यकता, राष्ट्रिय हित तथा सामाजिक न्यायसँग सम्बन्धित राष्ट्रिय, प्रादेशिक र स्थानीय मुद्दामा आधारित अभियानहरू सञ्चालन गर्ने ।

यसरी **विचारमा स्पष्टता, सङ्गठनमा अनुशासन, नेतृत्वमा लोकतन्त्र, कार्यकर्तामा सम्मान र जनतासँग निरन्तर सम्बन्ध कायम गर्दै** पार्टीलाई बलियो, जनआधारित र प्रभावकारी राजनीतिक शक्तिका रूपमा विकास गर्न सकिन्छ । पार्टी सङ्गठनलाई निर्वाचनको समयमा मात्र सक्रिय हुने संरचनाका रूपमा नभई वर्षभरि जनताको बीचमा काम गर्ने सामाजिक-राजनीतिक संस्थाका रूपमा विकास गर्नुपर्छ ।

**११.१९ आन्तरिक लोकतन्त्रको सुदृढीकरण :** पार्टी विधान तथा प्रचलित राजनीतिक दलसम्बन्धी ऐन, कानून र नियमावलीबमोजिम पार्टीका विभिन्न तहका समितिहरूको नियमित अधिवेशन तथा महाधिवेशन समयमै सम्पन्न गरी नेतृत्व चयनमा लोकतान्त्रिक अभ्यास, पारदर्शिता र सहभागिता सुनिश्चित गर्दै पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउने । पार्टीभित्र नीति बहस, असहमतिको सम्मान, सामुहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको संस्कृति विकास गर्नुपर्छ ।

**१२. पार्टी एकता तथा एकीकरण सम्बन्धमा :**

समान विचार, सिद्धान्त र मुद्दा बोकेका जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबीच पार्टी एकीकरणको कार्य सम्पन्न भएको छ । यस एकीकरणले आम जनता, पार्टी कार्यकर्ता तथा राजनीतिक कर्मीहरूमा नयाँ उत्साह र ऊर्जा थप्नुका साथै भ्रम, निराशा र पलायनजस्ता प्रवृत्तिलाई धेरै हदसम्म चिर्न सफल भएको छ । दुवै पार्टीका केन्द्रीय समितिहरूलाई समायोजन गरी केन्द्रीय समिति पुनर्संरचना गरिएको छ । २७९ सदस्यीय केन्द्रीय समितिलाई प्रभावकारी, गतिशील र परिणाममुखी बनाउन यसको भूमिका, अधिकार, कर्तव्य र जिम्मेवारी स्पष्ट गर्न आवश्यक छ । निष्क्रिय सदस्यहरूको स्थानमा क्रियाशील, सक्षम र समर्पित कार्यकर्तालाई उचित जिम्मेवारी तथा भूमिका प्रदान गर्नुपर्छ ।

पार्टीको सिद्धान्त, विचार र मुद्दासँग समानता राख्ने राजनीतिक दल तथा शक्तिहरूसँग एकता र एकीकरणका लागि निरन्तर पहल गरिनेछ । पार्टी एकीकरणलाई पूर्ण रूपमा मूर्तरूप दिन केन्द्रीय समिति मात्र नभई सबै तहका पार्टी सङ्गठन तथा भ्रातृ सङ्गठनहरूको समायोजन कार्यलाई समेत अन्तिम रूप दिनुपर्छ । यसका लागि आवश्यक कार्यदल गठन गरी सङ्गठन समायोजनसम्बन्धी सम्पूर्ण कार्य समयबद्ध रूपमा सम्पन्न गरिनुपर्छ ।

**१३. अग्रगामी मोर्चा सम्बन्धमा :**

नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता र सामाजिक न्यायको दिशामा महत्वपूर्ण राजनीतिक परिवर्तन हासिल गरेको छ । तर राजनीतिक अस्थिरता, भ्रष्टाचार, बेरोजगारी, आर्थिक असमानता, सामाजिक विभेद तथा सङ्घीयताको कमजोर कार्यान्वयनजस्ता चुनौतीहरू अझै विद्यमान छन् । यस्तो अवस्थामा लोकतान्त्रिक, प्रगतिशील, समाजवादी तथा सामाजिक न्यायका पक्षधर राजनीतिक शक्तिहरूबीच साझा राजनीतिक एकता र सहकार्य आवश्यक भएकाले जनता समाजवादी पार्टी, नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल, नेपाल सङ्घीय समाजवादी पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, बहुजन एकता पार्टी, नेपाल, नेपाल जनमुक्ति पार्टी र खम्बुवान राष्ट्रिय मोर्चा गरी नौ राजनीतिक दलबीच कार्यगत एकता कायम गर्दै **अग्रगामी मोर्चा** गठन गरिएको छ । पार्टीहरूको सिद्धान्त र विचार फरक-फरक भए पनि राष्ट्रिय मुद्दा तथा साझा उद्देश्यमा समानता भएका राजनीतिक दलहरूसँग कार्यगत एकता र सहकार्य गर्दै साझा लक्ष्य प्राप्तिका लागि थप प्रयासहरू निरन्तर गरिनेछन् । वर्तमान राजनीतिक परिस्थितिमा समान विचार, समान उद्देश्य र समान सङ्घर्ष भएका पहिचानमुखि, प्रगतिशील र समाजवादी शक्तिहरूबीच सहकार्यलाई थप सुदृढ गर्न आवश्यक छ ।

**अग्रगामी मोर्चाको मूल ध्येय :** *“सङ्घर्षका लागि एकता, स्वतन्त्रता, समानता, राष्ट्रिय स्वाधीनता र सामाजिक न्यायका लागि सङ्घर्ष ।”*

प्रमुख उद्देश्यहरू:

१. सामाजिक न्याय, समानता र समावेशी लोकतन्त्रलाई संस्थागत गर्ने ।
२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र तथा संविधानको रक्षा र सुदृढीकरण गर्ने ।
३. सङ्घीयताको प्रभावकारी कार्यान्वयन गर्ने ।
४. मधेशी, आदिवासी जनजाति, दलित, महिला, मुस्लिम, थारू, पिछडिएका तथा सीमान्तकृत समुदायको पहिचान, अधिकार, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने ।
५. उत्पादन, रोजगारी, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षालाई प्राथमिकता दिने ।
६. राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने ।

**१४. राजनीतिक तथा सामाजिक सङ्घर्ष सम्बन्धमा :**

नेपालको संविधानले समानता, समावेशिता र सामाजिक न्यायका अधिकार सुनिश्चित गरे पनि व्यवहारमा सबै समुदायले समान अवसर, प्रतिनिधित्व तथा स्रोत-साधनमा समान पहुँच प्राप्त गर्न अझै चुनौती सामना गरिरहेका छन् । त्यसैले मधेशी, आदिवासी जनजाति, दलित तथा अन्य उत्पीडित र सीमान्तकृत समुदायले समान अधिकार, सम्मान र न्यायका लागि निरन्तर सङ्घर्ष गर्नु आवश्यक छ । राजनीतिक सङ्घर्षका तीन तह हुनसक्छन् :

**१. राज्यसत्ताको सङ्घर्ष :** निर्वाचन, संसद, राजनीतिक दल, सरकार गठन र नेतृत्व, राज्यको स्रोत-साधनमाथि नियन्त्रण, आन्दोलन, संवैधानिक प्रक्रिया र नीति निर्माण । राज्य सत्ताको संघर्ष भनेको राज्यको शासन, नीति, स्रोत र निर्णयमाथि नियन्त्रण तथा प्रभावका लागि हुने राजनीतिक संघर्ष हो ।

**२. सामाजिक शक्तिको सङ्र्घ :** सङ्गठन, नागरिक समाज, जनआन्दोलन र सामाजि अभियान । वर्गीय सङ्घर्ष, जातीय तथा सामाजिक विभेद विरूद्धको सङ्घर्ष, लैङ्गिक शक्ति सङ्घर्ष, पहिचानको सङ्घर्ष, स्रोत-साधनमा पहुँचको सङ्घर्ष, प्रतिनिधित्वको सङ्घर्ष आदि । सामाजिक शक्ति सङ्घर्ष, समाजभित्र शक्ति, अवसर, प्रतिष्ठा र अधिकारको वितरणसँग सम्बन्धीत हुन्छ ।

**३. वैचारिक/साँस्कृतिक सङ्घर्ष :** वैचारिक सङ्घर्ष भनेको राजनीतिक, आर्थिक र सामाजिक व्यवस्था बारे फरक-फरक विचार, सिद्धान्त तथा दृष्टिकोणबीच हुने प्रतिष्पर्धा हो । साँस्कृतिक सङ्घर्ष भनेको भाषा, धर्म, परम्परा, पहिचान, कला, साहित्य, जीवन शैली, इतिहासको व्याख्या र सामाजिक मूल्य मान्यता माथि प्रभूत्व वा मान्यता प्राप्त गर्न हुने सङ्घर्ष हो । यसले बैकल्पिक विचार, संस्कृति र सामाजिक चेतना निर्माण गर्दछ । यस अर्थमा राजनीतिक सङ्घर्ष, सामाजिक शक्ति सङ्घर्ष र बैचारिक- साँस्कृतिक सङ्घर्ष एक अर्कासँग गहिरो रूपमा जोडिएका हुन्छन् । समावेशी लोकतन्त्र र समाजवादको निर्माणका लागि आर्थिक तथा राजनीतिक परिवर्तनसँगै साँस्कृतिक लोकतान्त्रिकरण पनि आवश्यक छ ।

**१४.१ सङ्घर्षका प्रमुख आधारहरू:**

१. **राजनीतिक प्रतिनिधित्व र सहभागिता :** राज्यका सम्पूर्ण निकायमा नेपालको जनसङ्ख्याको विविधता प्रतिबिम्बित हुने गरी अर्थपूर्ण तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।

२. **समान अवसरको सुनिश्चितता :** शिक्षा, रोजगारी, प्रशासन, सुरक्षा निकाय तथा राज्यका अन्य क्षेत्रमा सबै समुदायका लागि समान अवसर सुनिश्चित गर्ने ।

३. **ऐतिहासिक विभेदको अन्त्य:** लामो समयदेखि कायम रहेका जात/जातीय, भाषिक, लैङ्गिक, क्षेत्रीय, सांस्कृतिक तथा सामाजिक विभेदको अन्त्य गर्ने ।

४. **पहिचान तथा सांस्कृतिक अधिकारको संरक्षण :** भाषा, संस्कृति, धर्म, परम्परा तथा सामुदायिक पहिचानको संरक्षण, संवर्द्धन र सम्मान सुनिश्चित गर्ने ।

५. **आर्थिक न्यायको स्थापना :** गरिबी, भूमिहीनता, बेरोजगारी तथा आर्थिक असमानताको अन्त्य गर्दै उत्पादन, रोजगारी र विकासका अवसरमा समान पहुँच सुनिश्चित गर्ने ।

६. **सङ्घीयताको प्रभावकारी कार्यान्वयन :** राज्यको शक्ति र स्रोतलाई स्थानीय समुदायसम्म पुऱ्याउने तथा प्रदेशलाई स्वायत्तता र स्वशासनसहित अधिकारसम्पन्न बनाउने । स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र रहने गरी आवश्यक व्यवस्था गर्ने तथा पहिचानका आधारमा प्रदेशहरूको नामाङ्कन र सीमाङ्कनको विषयलाई सम्बोधन गर्ने ।

७. **सामाजिक सम्मान र मर्यादाको सुनिश्चितता :** जातीय तथा सामाजिक विभेद, असमानता, शोषण, उत्पीडन, छुवाछूत, बहिष्करण र अपमानको अन्त्य गर्दै प्रत्येक नागरिकको सम्मानजनक जीवन सुनिश्चित गर्ने ।

८. **सम्झौता तथा सहमतिको कार्यान्वयन :** मधेश आन्दोलनका क्रममा नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपाल तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएका २२ बुँदे र ८ बुँदे सम्झौता अनुसार बाँकी रहेका मुद्दाहरू कार्यान्वयन गराउन पहल गर्ने ।

९. **पार्टीका माग तथा राष्ट्रिय मुद्दाहरूको सम्बोधन :** जसपा, नेपालले उठाउँदै आएका माग तथा मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय मुद्दाहरूको लोकतान्त्रिक र संवैधानिक माध्यमबाट समाधानका लागि पहल गर्ने ।

हाम्रो सङ्घर्ष अहिंसात्मक, शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक हुनेछ । समानता, एकता, सामाजिक सद्भाव तथा न्यायमा आधारित राष्ट्र निर्माण गर्नु यसको मूल लक्ष्य हुनेछ । हाम्रो सङ्घर्ष राज्यमा सबै नागरिकका लागि समान अधिकार, समान अवसर, समान सम्मान र न्याय सुनिश्चित गर्न केन्द्रित हुनेछ ।

## १५. निर्वाचन सम्बन्धमा :

आगामी वर्ष हुने स्थानीय तह तथा प्रदेश तहको निर्वाचनलाई लक्षित गर्दै पार्टीको निर्वाचन तयारी यथाशीघ्र प्रारम्भ गर्नुपर्छ । निर्वाचनलाई पार्टी सङ्गठन सुदृढीकरण, जनसम्बन्ध विस्तार तथा जनआधारित राजनीतिक अभियानसँग जोड्दै आवश्यक रणनीति र कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

यसका लागि पार्टी विधानको धारा ९५ र ९६ मा व्यवस्था भएबमोजिम **संसदीय बोर्ड** गठन गरी उम्मेदवार छनोट, निर्वाचन रणनीति निर्माण, निर्वाचन परिचालन तथा आवश्यक अन्य कार्यहरू समयमै सम्पन्न गरिनेछ । साथै, प्रत्येक निर्वाचन क्षेत्रको राजनीतिक, सामाजिक, आर्थिक तथा स्थानीय परिस्थितिको अध्ययन गरी सोहीअनुसार निर्वाचनसम्बन्धी रणनीति र कार्यक्रम तय गरिनुपर्दछ ।

## १६. जनता समाजवादी पार्टी, नेपालले उठाउँदै आएका केही माग, मुद्दा तथा प्रतिबद्धताहरू

जनता समाजवादी पार्टी, नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, सामाजिक न्याय, समानता, राष्ट्रिय पहिचान, सुशासन, आर्थिक समृद्धि तथा राष्ट्रिय स्वाधीनतालाई आफ्नो राजनीतिक कार्यदिशाका प्रमुख आधारका रूपमा अघि बढाउँदै आएका माग, मुद्दा र प्रतिवद्धताहरू निम्नानुसार रहेका छन् ।

१. **सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समावेशी लोकतन्त्रको संस्थागत विकास :** सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली तथा समावेशी लोकतन्त्रलाई व्यवहारतः संस्थागत र सुदृढ गर्दै लैजाने । सङ्घीयताको मूल सिद्धान्तअनुसार प्रदेशहरूलाई स्वायत्त, अधिकारसम्पन्न र जिम्मेवार बनाउने तथा प्रदेशलाई स्वशासन (Self-Rule) र सङ्घमा साझेदारी (Shared-Rule) को सङ्घीयता सम्बन्धी अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

२. **संविधान संशोधन, परिमार्जन तथा राज्य पुनर्संरचना :**

क) नेपालको संविधान, २०७२ मा रहेका संरचनात्मक त्रुटि, अस्पष्टता, कमीकमजोरी तथा कार्यान्वयनसम्बन्धी समस्याहरूको पहिचान गरी आवश्यकताअनुसार संविधान संशोधन, परिमार्जन वा पुनर्लेखन गर्ने । संविधान निर्माणमा देखिएको स्वामित्वको अभाव, सङ्घीयताको अस्पष्टता, अधिकार तथा क्षेत्राधिकारसम्बन्धी द्वन्द्व, अव्यावहारिक प्रादेशिक संरचना, सीमाङ्कनसम्बन्धी विवाद, राजनीतिक अस्थिरता, समावेशीकरणमा देखिएका कमजोरी, न्यायप्रणाली तथा निर्वाचन प्रणालीका जटिलता र सरकार गठनसम्बन्धी समस्याको समाधान गर्ने । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक स्थिरता, प्रतिनिधित्वको समानता, प्रदेशहरूको पुनर्संरचना, समानुपातिक तथा समावेशी प्रतिनिधित्व,

सामाजिक न्याय, मानव अधिकार, विधिको शासन र लोकतान्त्रिक मूल्य-मान्यतालाई सुदृढ गर्ने गरी संविधानमा आवश्यक सुधार गर्ने ।

ख) शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीमा आवश्यक सुधार गरी राष्ट्रिय समस्याहरूको दीर्घकालीन समाधान गर्ने । राष्ट्रिय तथा जातीय पहिचानलाई सम्मान गर्दै राज्य पुनर्संरचना उच्चस्तरीय आयोगको सुझाव तथा प्रतिवेदन, २०६८ को आधारमा पहिचानमा आधारित राज्य पुनर्संरचना गर्ने ।

३. **विविधता, राष्ट्रिय पहिचान र राष्ट्रिय एकता :** नेपालको बहुभाषिक, बहुराष्ट्रिय, बहुजातीय, बहुसांस्कृतिक तथा बहुधार्मिक विविधतालाई राष्ट्रको शक्ति र सम्पत्तिका रूपमा स्वीकार गर्ने । यसलाई **"विविधताभित्र समानता र समानताभित्र पहिचानको सम्मान"** भन्ने सिद्धान्तको रुपमा प्रयोग गर्न सकिन्छ । **विविधताभित्र एकता** (Unity in Diversity) कायम गर्दै सामाजिक-सांस्कृतिक सद्भाव, पारस्परिक सम्मान तथा राष्ट्रिय एकतालाई सुदृढ गर्ने । राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकतामा राखी नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र सार्वभौमिकतालाई दीर्घकालीन रूपमा सुदृढ र सुरक्षित गर्ने ।

४. **सामाजिक न्याय, समानुपातिक समावेशिता तथा प्रतिनिधित्व :** ऐतिहासिक रूपमा आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक वञ्चितीकरण र बहिष्करणमा पारिएका मधेशी, आदिवासी जनजाति, दलित, खस, थारू, पिछडा वर्ग, महिला, मुस्लिम, उत्पीडित जात-जाति तथा अन्य अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको अधिकार, पहिचान, सम्मान तथा अवसर सुनिश्चित गर्ने । राज्यद्वारा प्रदान गरिने सेवा-सुविधा, अवसर, स्रोत-साधन, सत्ता तथा शक्तिमा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्दै सामाजिक न्यायको प्रत्याभूति गर्ने ।

५. **सबै प्रकारका विभेदको अन्त्य :** लिङ्ग, भाषा, धर्म, वर्ग, वर्ण, क्षेत्र, जात, जाति वा समुदायका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने । सबै नागरिकका लागि समान सहभागिता, समान अवसर, समान सम्मान र न्याय सुनिश्चित गर्दै समतामूलक तथा विभेदरहित समाज निर्माण गर्ने ।

६. **समान जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण :** जनसङ्ख्याको समानुपातिक आधारमा प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभामा प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्ने । निर्वाचन क्षेत्र निर्धारण गर्दा भौगोलिक विकटता, विशेषतः हिमाली तथा दुर्गम क्षेत्रको अवस्थालाई समेत ध्यानमा राख्ने । महिला तथा दलित समुदायको राजनीतिक प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक विशेष तथा आरक्षित निर्वाचन क्षेत्र निर्धारण गर्न संवैधानिक प्रबन्ध गर्ने ।

७. **राष्ट्रिय सभाको संरचना :** राष्ट्रिय सभामा प्रदेशहरूको समान जनसङ्ख्याको अनुपात र समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्ने । राष्ट्रिय सभालाई देशका विभिन्न राष्ट्रिय/जातीय, भाषिक, सांस्कृतिक तथा क्षेत्रीय समुदायको प्रतिनिधित्व हुने 'राष्ट्रिय समुदायहरूको सभा' (House of Nationalities) का रूपमा विकसित गर्ने । साथै राष्ट्रिय जीवनमा विशिष्ट योगदान गरेका व्यक्तित्व, विज्ञ, विशेषज्ञ तथा अनुभवी व्यक्तिहरूको समेत प्रतिनिधित्व सुनिश्चित गर्ने ।

८. **जातीय विभेद, छुवाछूत तथा सामाजिक उत्पीडनको अन्त्य** : जात तथा जातीय व्यवस्था (Caste System) बाट समाजमा उत्पन्न असमानता, विभेद, उत्पीडन र शोषणको अन्त्य गर्ने । जन्मका आधारमा हुने विभेद, छुवाछूत तथा शोषणको संरचनालाई जरैदेखि उन्मूलन गर्दै सामाजिक तथा सांस्कृतिक रूपान्तरण गर्ने । सबै नागरिकलाई बिना भेदभाव समान

अवसर, पारस्परिक सम्मान, सामाजिक तथा आर्थिक न्याय र मानव मर्यादाको आधारमा न्यायपूर्ण, समावेशी तथा विभेदरहित समाज निर्माण गर्ने ।

९. **लोकतन्त्र, मानव अधिकार, विधिको शासन तथा सुशासन :** स्वतन्त्रता, समानता, सामाजिक न्याय तथा मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने । संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य-मान्यता, पारदर्शिता, उत्तरदायित्व तथा सुशासनलाई सुदृढ गर्ने ।

१०. **गरिबी, बेरोजगारी तथा आर्थिक असमानताको अन्त्य :** गरिबी, बेरोजगारी, अशिक्षा तथा आर्थिक-सामाजिक असमानता न्यूनीकरण गरी सामाजिक तथा आर्थिक न्याय स्थापना गर्ने ।

११. उत्पादनमुखी, आत्मनिर्भर, समावेशी तथा न्यायपूर्ण अर्थतन्त्रको विकास गर्ने । वित्तीय पहुँच विस्तार, शक्ति तथा स्रोत-साधनको न्यायोचित वितरण, प्रगतिशील कर प्रणाली, न्यूनतम ज्याला तथा प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रममार्फत गरिबी र असमानता घटाउने ।

१२. **शिक्षा, स्वास्थ्य तथा आधारभूत सेवाको अधिकार :** गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, आवास तथा आधारभूत सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने । शिक्षा, स्वास्थ्य तथा कानूनी सेवालाई आर्थिक क्षमतामा मात्र निर्भर नभई नागरिकको मौलिक अधिकारका रूपमा स्थापित गर्ने । विज्ञान तथा प्रविधिमा आधारित गुणस्तरीय, समान र व्यावसायिक शिक्षाका साथै आधारभूत स्वास्थ्य सेवा र रोजगारीको अवसर उपलब्ध गराउने दायित्व राज्यले ग्रहण गर्ने व्यवस्था गर्ने ।

१३. **स्थानीय लोकतन्त्र तथा अधिकारको विकेन्द्रीकरण :** प्रदेश तथा स्थानीय तहमा आवश्यक अधिकार, साधन, स्रोत र जनशक्ति हस्तान्तरण गर्ने । स्थानीय तहलाई प्रदेशको क्षेत्राधिकारभित्र प्रभावकारी रूपमा सञ्चालन गर्दै स्थानीय तहको निर्वाचनलाई गैरदलीय आधारमा सम्पन्न गर्ने व्यवस्था गर्ने ।

१४. **आदिवासी जनजातिको अधिकार तथा स्वायत्तता :** नेपालका आदिवासी जनजातिका अधिकारलाई संयुक्त राष्ट्रसङ्घीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र, २००७ (United Nations Declaration on the Rights of Indigenous People (UNDRIP, 2007) तथा आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO-169) महासन्धि नं. १६९ मा उल्लिखित अधिकारहरू सुनिश्चित गर्ने ।

१५. **युवा सशक्तीकरण, रोजगारी तथा उद्यमशीलता :** युवा पुस्ताले आन्दोलनका क्रममा उठाएका न्यायोचित माग तथा मुद्दाहरूलाई सम्बोधन गर्ने । भ्रष्टाचार नियन्त्रण, जवाफदेहिता, पारदर्शिता तथा सुशासनमार्फत भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने । सरकारमा रहेका वा विगतमा जिम्मेवारीमा रहेका व्यक्तिहरूसँग सम्बन्धित भ्रष्टाचार तथा सार्वजनिक सरोकारका विभिन्न काण्डहरूको निष्पक्ष छानबिन गरी दोषी प्रमाणित भएकालाई प्रचलित कानूनबमोजिम कारबाही गर्ने ।

१६. **युवा, महिला लगायत सिमान्तकृत समुदाय :** युवा, महिला, दलित, पिछडा वर्ग तथा सीमान्तकृत समुदायको नेतृत्व विकास र सशक्तीकरण गर्ने । लैङ्गिक हिंसाको अन्त्य, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्दै सबै तहमा महिला र पुरूषका लागि समान अधिकार तथा अवसरको प्रत्याभूति गर्ने ।

१७. **राष्ट्रिय युवा रोजगारी नीति :** राष्ट्रिय युवा रोजगारी नीतिअन्तर्गत युवा बेरोजगारीको समस्या समाधान गर्न श्रमशक्तिलाई बजारको मागअनुसार ज्ञान, विज्ञान, प्रविधि, शिक्षा, तालिम तथा सीपसँग जोड्ने । रोजगार, स्वरोजगार, सामाजिक सुरक्षा तथा उद्यमशीलताको विकासमार्फत युवाले आफ्नै क्षमता र चाहनाअनुसार सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्ने । राष्ट्रिय युवा रोजगारी कार्यक्रम, सीप विकास तथा प्राविधिक शिक्षा,

डिजिटल नेपाल युवा कार्यक्रम, कृषि उद्यम तथा कृषि आधुनिकीकरण, औद्योगिक विस्तारलगायतका कार्यक्रम सञ्चालन गरी स्वदेशमै सम्मानजनक रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने ।

१८. **वातावरण संरक्षण, जलवायु न्याय तथा दिगो विकास :** विकास र वातावरणबीच सन्तुलन कायम गर्दै प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण गर्ने । जलवायु परिवर्तन, प्राकृतिक विपद्, वन विनाश, प्रदूषण तथा प्राकृतिक स्रोतको अनियन्त्रित दोहनबाट उत्पन्न समस्याको दीर्घकालीन समाधान खोज्ने । चुरे संरक्षण गरी मधेशलाई मरूभूमीकरणबाट जोगाउने, वन तथा जैविक विविधताको संरक्षण गर्ने, हरित विकासलाई प्रवर्द्धन गर्ने तथा प्रदूषण नियन्त्रण गर्ने । जलवायु परिवर्तनबाट प्रभावित समुदायको संरक्षण गर्दै भावी पुस्ताको अधिकारलाई समेत ध्यानमा राखी दिगो विकास नीति अघि बढाउने ।

१९. **समावेशी आर्थिक विकास तथा सामाजिक लोकतान्त्रीकरण :** जनताका आधारभूत आवश्यकता पूरा गर्ने, मानव संसाधन तथा उत्पादनशील क्षमता विकास गर्ने र सीमान्तकृत समुदाय, महिला तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई समान अवसर प्रदान गर्ने गरी समावेशी आर्थिक विकासलाई प्राथमिकता दिने । राज्य तथा समाजको लोकतान्त्रीकरणलाई प्रभावकारी रूपमा अघि बढाउने ।

२०. **भूमिहीन, सुकुम्बासी, किसान तथा मजदुरका समस्या** समाधान : गरिब, असहाय, भूमिहीन, सुकुम्बासी, किसान तथा मजदुरका समस्याको दीर्घकालीन समाधान गर्ने । वास्तविक सुकुम्बासीको वैज्ञानिक तथा पारदर्शी पहिचान गरी उनीहरूलाई सम्बन्धित जिल्लामै सम्मानजनक तथा सुरक्षित रूपमा व्यवस्थापन गर्ने ।

२१. **अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार :** शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिका लागि सामाजिक सुरक्षा, सम्मान, पहुँच तथा अवसर सुनिश्चित गर्ने । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय (LGBTQ+) प्रति समाजमा विद्यमान सबै प्रकारका विभेद अन्त्य गर्दै उनीहरूको कानूनी, सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति गर्ने ।

२२. **सामाजिक सुरक्षा तथा कल्याणकारी राज्य :** ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, श्रमिक, किसान, असङ्गठित क्षेत्रका श्रमिक तथा विपन्न वर्गका लागि प्रभावकारी र दिगो सामाजिक सुरक्षा प्रणाली विकास तथा सुदृढ गर्ने । यसको उद्देश्य ''कुनै पनि नागरिकलाई असुरक्षित र आधारभूत आवश्यकताबाट बञ्चित हुन नदिने, न्यायपूर्ण समाज निर्माण'' गर्ने हो ।

२३. **कल्याणकारी राज्यः कल्याणकारी राज्य** (Welfare state) को अवधारणालाई संस्थागत गर्दै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, पेन्सन, बेरोजगारी सहायता तथा अन्य आधारभूत सामाजिक सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने ।

२४. **श्रमिक अधिकारको संरक्षण :** श्रमिकका अधिकारको संरक्षण गर्दै उचित पारिश्रमिक, सुरक्षित तथा मर्यादित कार्यस्थल, ट्रेड युनियनको अधिकार र सामाजिक सुरक्षाको सुनिश्चितता गर्ने ।

२५. **डिजिटल नेपाल, विज्ञान, प्रविधि तथा नवप्रवर्तन :** डिजिटल नेपाल निर्माणलाई तीव्रता दिँदै डिजिटल सार्वजनिक सेवा विस्तार गर्ने । सूचना तथा सञ्चार प्रविधि उद्योग, कृत्रिम बुद्धिमत्ता (AI) स्टार्टअप, अनुसन्धान तथा नवप्रवर्तनलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

२६. **कृषि क्रान्ति तथा कृषिको आधुनिकीकरण :** वैज्ञानिक भू-उपयोग नीति लागू गरी कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्ने । कृषिमा निर्भर गरिब

तथा किसान समुदायको जीवनस्तर सुधार गर्दै उत्पादन, उत्पादकत्व तथा रोजगारी वृद्धि गर्ने ठोस नीति, कार्यक्रम तथा योजना निर्माण र कार्यान्वयन गर्ने ।

२७.**किसानको समस्या :** किसानलाई सहुलियतपूर्ण ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने । सिंचाई, गुणस्तरीय मल, बीउ-बिजन, मलखाद्य, कृषि बिमा, भण्डारण र बिक्रीको व्यवस्था, कृषि औषधि, कृषि यान्त्रिकीकरण, प्राविधिक तालिम तथा आवश्यक कृषि सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्दै कृषि उपजका लागि व्यवस्थित तथा सुनिश्चित बजारको व्यवस्था गर्ने ।

२८.**औद्योगिकीकरण तथा लगानी प्रवर्द्धन :** देशलाई तीव्र औद्योगिकीकरणको दिशामा अघि बढाउँदै गरिबी, बेरोजगारी तथा पछौटेपन अन्त्य गर्ने । उद्योग, कलकारखाना तथा उत्पादनमूलक क्षेत्रमा राष्ट्रिय तथा वैदेशिक पुँजी, प्रविधि तथा लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण निर्माण गर्ने ।

२९.साना तथा मझौला उद्योगलाई विशेष सहुलियत, संरक्षण तथा प्राथमिकता प्रदान गर्ने ।

३०.**स्थानीय पूर्वाधार तथा आधारभूत विकास :** प्रत्येक पालिकामा सुविधासम्पन्न प्राथमिक अस्पताल, ग्रामीण सडक, सिँचाइ प्रणाली, खानेपानी, उच्च माध्यमिक तहका प्राविधिक शिक्षालय तथा नवीकरणीय ऊर्जालगायतका आधारभूत पूर्वाधारको विकास गर्ने ।

३१.**वित्तिय सङ्घीयता :** सङ्घ, प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या, मानव विकास सूचकाङ्क, भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा विकास बजेट, जनशक्ति, अवसर तथा साधन-स्रोतको न्यायोचित वितरण सुनिश्चित गर्ने ।

३२.**बहुभाषिक नीति तथा मातृभाषाको अधिकार :** सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी कामकाज र शिक्षणका माध्यमका रूपमा बहुभाषिक नीतिलाई कार्यान्वयन गर्ने । नागरिकको मातृभाषामा शिक्षा तथा सार्वजनिक सेवाको पहुँच विस्तार गर्ने र मातृभाषाको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

३३.**प्रदेशको अधिकार तथा प्रशासनिक पुनर्संरचना :** प्रदेशमा प्रहरी तथा कर्मचारी समायोजनलाई पूर्णता दिँदै प्रदेश प्रहरी, प्रदेश निजामती सेवा तथा आवश्यक प्रदेश कानूनको प्रभावकारी व्यवस्था गर्ने । सङ्घीयताको मर्मअनुसार प्रदेशलाई अधिकारसम्पन्न तथा कार्यसम्पादनमा सक्षम बनाउने ।

३४.**राजनीतिक नियुक्ति :** नेपाल सरकार तथा प्रदेश सरकारबाट हुने राजनीतिक नियुक्तिहरू योग्यता, क्षमता, अनुभव तथा योगदानका आधारमा पारदर्शी, निष्पक्ष तथा समानुपातिक-समावेशी ढङ्गले गर्ने व्यवस्था सुनिश्चित गर्ने ।

३५.**महँगी नियन्त्रण तथा खाद्य सुरक्षा :** बढ्दो महँगी नियन्त्रण गर्न प्रभावकारी नीति तथा नियमन लागू गर्ने । अत्यन्त गरिब तथा विपन्न वर्गका लागि सहुलियतपूर्ण दरमा खाद्यान्न उपलब्ध गराउन लक्षित खाद्य सुरक्षा तथा रासन कार्डको व्यवस्था गर्ने ।

३६.**समावेशी तथा दिगो राष्ट्रिय अर्थतन्त्र :** नेपालको आर्थिक विकासका प्रमुख आधारका रूपमा कृषि तथा कृषि आधुनिकीकरण, जलस्रोत तथा जलविद्युत्, पर्यटन, औद्योगिकीकरण, सार्वजनिक-निजी साझेदारी, सुशासन तथा पूर्वाधार विकास, सहकारी तथा सामाजिक अर्थतन्त्र, शिक्षा, सीप तथा मानव पुँजी विकास, उद्योग तथा उत्पादन, व्यापार तथा निर्यात प्रवर्द्धन एवं लगानी तथा निजी क्षेत्रको विकासलाई समन्वित रूपमा अघि बढाउने । यसबाट दिगो, समावेशी तथा उच्च आर्थिक वृद्धिसहित आत्मनिर्भर र समुन्नत राष्ट्रिय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिने ।

३७.**राजनीतिक आन्दोलनका उपलब्धिको संरक्षण :** विगतका राजनीतिक आन्दोलन तथा सङ्घर्षबाट प्राप्त उपलब्धिहरू–सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता, नागरिक स्वतन्त्रता, सामाजिक न्याय तथा मौलिक हकलगायतका उपलब्धिहरूको रक्षा, संस्थागत विकास तथा थप उपलब्धिका लागि निरन्तर सङ्घर्षरत रहने ।

३८. **झुठा तथा कृत्रिम मुद्दा खारेजी र राजवन्दी रिहाई :** ऐतिहासिक मधेश जनविद्रोह, जनआन्दोलन तथा आदिवासी जनजाति, थरूहटलगायतका आन्दोलनका क्रममा आन्दोलनकारीमाथि लगाइएका राजनीतिक प्रकृतिका मुद्दाहरूको पुनरावलोकन गरी आवश्यकताअनुसार खारेजी तथा राजबन्दीहरूको रिहाइका लागि पहल गर्ने ।

३९.**स्वायत्त, संरक्षित तथा विशेष क्षेत्रको व्यवस्था :** संविधानको धारा ५६ को उपधारा (५) बमोजिम जातीय, भाषिक तथा सांस्कृतिक अल्पसङ्ख्यक समुदायको अधिकार र पहिचान संरक्षणका लागि स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्रको निर्धारण र प्रभावकारी कार्यान्वयन गर्ने ।

४०.**समतामूलक सामाजिक-आर्थिक रूपान्तरण :** समाजमा विद्यमान आर्थिक असमानता, सामाजिक विभेद, शोषण, बहिष्करण र अवसरको असमानतालाई अन्त्य गर्दै सबै नागरिकका लागि समान अधिकार, समान अवसर, सम्मान र स्रोत-साधनमा न्यायोचित पहुँच सुनिश्चित गर्ने संरचनात्मक परिवर्तन नै समतामूलक सामाजिक-आर्थिक रूपान्तरण हो । जात, जाति, वर्ग, लिङ्ग, क्षेत्र, भाषा तथा समुदायका आधारमा कायम रहेका सबै प्रकारका विभेद र असमानताको अन्त्य गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा तथा उत्पादनका साधन र स्रोत-साधनमा समान तथा न्यायोचित पहुँच स्थापित गर्नु यसको मूल उद्देश्य हो । न्यायपूर्ण आर्थिक वितरण, सामाजिक न्याय, समान अवसर र समावेशी विकासका माध्यमबाट सबै नागरिकको जीवनस्तर उकास्दै आत्मनिर्भर, समृद्ध, न्यायपूर्ण र समतामूलक नेपाल निर्माण गर्नु नै समतामूलक सामाजिक-आर्थिक रूपान्तरणको लक्ष्य हो ।

४१.**राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा राष्ट्रिय हित :** नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रिय हितको संरक्षण र संवर्द्धन गर्ने । नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राख्दै समानता, पारस्परिक सम्मान, सहअस्तित्व तथा राष्ट्रिय स्वाभिमानमा आधारित स्वतन्त्र र सन्तुलित वैदेशिक सम्बन्ध विकास गर्ने ।

४२.**सीमावर्ती क्षेत्रमा निर्बाध आवागमनको व्यवस्थाः** नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने दुवै देशका जनताले भोग्दै आएका समस्याहरूको समाधान गर्दै सीमा व्यवस्थापनलाई मानवीय, व्यवस्थित र विकासमुखी बनाउनुपर्छ । नेपाल-भारत सीमा दुवै देशका जनतालाई अलग गर्ने रेखामात्र नभई सहकार्य, व्यापार, संस्कृति, पारस्परिक सम्बन्ध र साझा समृद्धिको सेतुका रूपमा विकास गरिनुपर्छ ।

सीमावर्ती जनताको समस्या समाधानका लागि सीमालाई केवल सुरक्षा र नियन्त्रणको विषयका रूपमा नभई जनजीवन, आर्थिक सहकार्य, नागरिक अधिकार, सामाजिक-सांस्कृतिक सम्बन्ध र विकासको साझा क्षेत्रका रूपमा हेर्नुपर्छ । यसका लागि सहज आवागमन, स्थानीय अर्थतन्त्रको विकास, साझा पूर्वाधार निर्माण तथा सीमावर्ती नागरिकका अधिकारको संरक्षणलाई प्राथमिकता दिनुपर्छ । नेपाल-भारतबीचको खुला सीमा दुवै देशका सीमावर्ती समुदायको दैनिक जीवन, आपसी मित्रता र ऐतिहासिक सम्बन्धलाई बलियो बनाउने माध्यम हो । खुला सीमाका कारण दुवै देशका सीमावर्ती समुदायबीच लामो समयदेखि पारिवारिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा आर्थिक सम्बन्ध कायम रहँदै आएका छन् । यस्ता ऐतिहासिक र जनस्तरीय सम्बन्धलाई संरक्षण र सुदृढ गर्नुपर्छ । दुवै देशका जनतालाई

समान रूपले दुबै देशमा आ-आफ्नो सवारी साधनसहित घुमफिर, आवतजावत, किनमेल, बिहेबारी, धर्म-कर्म, काज-क्रिया तथा साना-तिना व्यापार-व्यवसाय र आर्थिक कारोबार गर्न सहज हुने गरी निर्बाध तथा सुरक्षित आवागमनको व्यवस्था निरन्तर कायम राख्नुपर्छ। साथै, सीमावर्ती क्षेत्रका जनताको दैनिक जीवनमा अनावश्यक अवरोध नहुने गरी भन्सार, छोटी भन्सार सुविधासहित सीमा व्यवस्थापनलाई जनमैत्री, पारदर्शी र सहजीकरणमुखी बनाउनुपर्छ।

**१७. निष्कर्ष तथा आगामी राजनीतिक कार्यदिशा :**

नेपाल अहिले राजनीतिक, सामाजिक तथा आर्थिक पुनर्संरचनाको महत्वपूर्ण मोडमा उभिएको छ। परम्परागत सत्ता-केन्द्रित, अवसरवादी तथा व्यक्तिवादी राजनीतिक कार्यशैलीप्रति जनताको विश्वास र आकर्षण कमजोर हुँदै गएको छ। तथापि, यसको अर्थ सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र वा समावेशी लोकतन्त्र असफल भएका हुन् भन्ने होइन। मूल समस्या सङ्घीय लोकतन्त्र गणतन्त्रलाई जनताको दैनिक जीवनमा अनुभूति हुने प्रभावकारी परिणाममा रूपान्तरण गर्न नसक्नु हो। **अबको नेपाली राजनीति केवल सरकार बनाउने र गिराउने, सत्ता प्राप्त गर्ने वा सत्ता परिवर्तन गर्ने सीमित चक्रबाट माथि उठ्न आवश्यक छ।** राजनीतिक दलहरूले आफ्नो राजनीतिक चरित्र, सङ्गठनात्मक संरचना, नेतृत्व शैली तथा कार्यशैलीमा समयानुकूल परिवर्तन गर्नुपर्छ। जनतामा बढिरहेको असन्तुष्टि, निराशा र अविश्वासलाई सकारात्मक, रचनात्मक तथा लोकतान्त्रिक राजनीतिक रूपान्तरणमा बदल्नुपर्छ।

जनता समाजवादी पार्टी, नेपालका लागि आजको मुख्य चुनौती भनेको आफ्नो वैचारिक आधारलाई स्पष्ट बनाउँदै सङ्गठनलाई सुदृढ, अनुशासित, जनमुखी र गतिशील बनाउनु तथा जनतासँगको सम्बन्धलाई पुनःस्थापित गर्नु हो। **पार्टीले सत्ता प्राप्तिलाई मात्र राजनीतिक उपलब्धिको आधार नबनाई सामाजिक न्याय, समानता, समावेशिता, सुशासन, आर्थिक समृद्धि र राष्ट्रिय स्वाधीनतालाई राजनीतिक कार्यको केन्द्रमा राख्नुपर्छ।** हाम्रो ऐतिहासिक दायित्व भनेको सङ्घीयता, लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, सामाजिक न्याय, आर्थिक समानता, राष्ट्रिय पहिचान, सुशासन तथा मानव अधिकारलाई एकीकृत राजनीतिक परियोजनाका रूपमा अघि बढाउँदै राज्य र समाजको लोकतान्त्रीकरण गर्नु हो। यसका लागि संविधानमा आवश्यक सुधार, राज्य संरचनाको पुनर्संरचना, सामाजिक-आर्थिक रूपान्तरण, उत्पादनमुखी अर्थतन्त्रको विकास तथा जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्छ। जनताको विश्वास पुनः निर्माण, राज्यप्रति नागरिकको भरोसा अभिवृद्धि तथा समतामूलक र न्यायपूर्ण समाज निर्माण नै आगामी राजनीतिक यात्राको प्रमुख लक्ष्य हुनुपर्छ। यही उद्देश्यका साथ जनता समाजवादी पार्टी, नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै सामाजिक न्याय, समानता, समावेशिता, राष्ट्रिय स्वाधीनता र समृद्धिका लागि निरन्तर सङ्घर्षरत रहनुपर्छ।

प्रस्तुतकर्ता

**उपेन्द्र यादव**

अध्यक्ष

जनता समाजवादी पार्टी, नेपाल